वर्ष : १६, अंक : ४५, काठमाडौं, २०७७ फागुन १४ गते शुक्रबार, 26 February 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

## सम्पादकबाट राजीनामा

काठमाडौं । यस मधेशवाणी साप्ताहिकका सम्पादक डा.राजेश अहिराजले राजीनामा दिएका छन् । नेपाल सरकारले डा.अहिराजलाई प्रदेश २ को प्रदेश प्रमुखमा नियुक्त गरेकै दिन उनले मधेशवाणीको सम्पादकबाट राजीनामा दिएका हुन् । गत शुक्रबार डा.अहिराजलाई प्रदेश २ को प्रदेश प्रमुखको रुपमा नियुक्त गरिएको थियो । सोही दिन साँझ उनले राष्ट्रपति विद्यादेवी भण्डारीबाट शपथसमेत ग्रहण गरेका थिए । मधेशवाणीका कार्यकारी सम्पादक रामसुकुल मण्डललाई सम्पादकमा नियुक्त गरिएको छ ।

## हामी संविधान रक्षाका लागि सडक संघर्षमा आएका थिएनौं : महन्थ ठाकुर



काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले आफूहरुले संविधान रक्षाका लागि सडक संघर्षमा नउत्रेको बताएका छन् । उनले मधेशीमाथि हुँदै आएको अन्याय, अत्याचार र दमनको विरुद्धमा अहिले पनि संघर्षमै रहेको जिकिर गरेका हुन् । बुधबार पूर्वराजपानिकट राष्ट्रिय विद्यार्थी संघले संघीय राजधानी काठमाडौंमा आयोजना गरेको वर्तमान राजनीतिक सन्दर्भमा बृहत विद्यार्थी तथा भेला तथा सम्वाद कार्यक्रममा प्रमुख अतिथिको आसन्नबाट बोल्दै उनले यस्तो धारणा राखेका थिए । उनले भने, 'हामी जुन समानता, सामाजिक न्यायका लागि संघर्ष गर्दै आएको छौं, त्यो स्थापित नभएसम्म हामीलाई संघर्षमै रहनुपर्छ ।' उनले मानव सभ्यता इतिहासदेखि संघर्ष गर्दै बाँचिरहेको उदाहरणसमेत प्रस्तुत गरेका थिए । अध्यक्ष ठाकुरले देशमा उत्पन्न संकटका कारण कुर्सीकै लडाइका कारण भएको दाबी गरेका छन् । उनले अहिले पनि सत्तारुढ दलभित्र कुर्सीकै लागि झगडा भएको बताए । नेपालमा कम्युनिष्ट पार्टी असफल भइसकेको दाबीसमेत उनले गरे । उनले कम्युनिष्ट पार्टीलाई जनताले करिब दुई तिहाइको सुविधाजनक बहुमत दिँदासमेत सरकार चलाउन नसकेकोले कम्युनिष्ट सरकार र कम्युनिष्ट पार्टी असफल भइसकेको तर्क गरे । राष्ट्रिय विद्यार्थी संघका अध्यक्ष मनिष मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा विशेष अतिथि जसपाका वरिष्ठ नेता राजेन्द्र महतो, विशेष अतिथिहरु केन्द्रीय कार्यकारिणी समिति सदस्य राजकिशोर यादव, अनिल कुमार झा, प्रदेश २ का भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनल, अतिथिहरु जसपाका नेताहरु वृषेश चन्द्र लाल, अकवाल अहमद शाह, राजीव झा, प्रदेश २ का उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री सुरेश मण्डल, डा.सुरेन्द्र झा, केशव झा लगायत विद्यार्थी नेताहरुको बाक्लो उपस्थिति रहेको थियो ।

## आर्थिक अनुशासनमा दलहरू असफल : पूर्वराष्ट्रपति यादव



जनकपुरधाम । पूर्वराष्ट्रपति डा. रामवरण यादवले राजनीतिभित्र चिरा परेको लोकतन्त्र बलियो नभएसम्म मुलुकमा लोकतन्त्र कार्यान्वयन नहुने बताएका छन् । कांग्रेस जिल्ला कार्यसमिति धनुषाले जनकपुरमा बिहीबार आयोजना गरेको महेन्द्रनारायण निधिको ९९ औं जन्मजयन्ती समारोहलाई सम्बोधन गर्दै पूर्वराष्ट्रपति डा. यादवले राजनीति दल विधि र प्रक्रियाअनुसार नचलेर चिरा परेकोले मुलुकमा समस्या आएको बताए । 'लोकतन्त्र, संघीयता र समावेशीमा विश्वास गर्नेको जित भएको छ', डा.यादवले भने, 'अदालतले लोकतान्त्रिक संविधानलाई बचाएको छ । मुलुकमा लागेको ग्रहणलाई अदालतले संविधानअनुसार हटाएको छ । संविधानलाई बचाउने अदालतलाई नमन गरी सम्मान गर्न चाहन्छु ।' उनले संविधान र लोकतन्त्र रक्षाका लागि अदालतले आफ्नो धर्म निर्वाह गरेको उल्लेख गरे । प्रतिनिधिसभा विघटन बदरपछि ४/५ चरणमा सरकार गठन प्रयासपछि मात्र मुलुकमा निर्वाचन हुने बताउँदै डा. यादवले लोकतन्त्र रक्षा गरी संविधान कार्यान्वयनका लागि अदालत र निर्वाचन आयोग निष्पक्ष हुनु पर्ने बताए । संवैधानिक निकायमा राजनीतिक बाँडफाँड बन्द गरी नियुक्तिमा विज्ञलाई प्राथमिकतामा राखेपछि मात्र संवैधानिक निकाय निष्पक्ष हुने उनले बताए । डा. यादवले नेपालको राजनीति दलमा आर्थिक अनुशासन नभएको टिप्पणी गरे । कांग्रेस, नेकपा र मधेशवादी दलसहित कुनै पनि दलमा आर्थिक अनुशासन नभएको उनले आरोप लगाए । पछिल्लो सय वर्षयता सैनिक शासन, साम्यवाद, लोकतन्त्रको क्रममा हुकुमी शासनमा जेल परे पनि एउटै विचारको राजनीति गर्ने गान्धीवादी नेता महेन्द्रनारायण निधिको कार्यकर्ता र डाक्टर भएर काम गर्ने सम्झना सुनाउँदै राजनीतिका नयाँ पुस्ताले निधिको जिवनी अवलम्बन गर्न सुझाव दिए ।

## प्रदेश २ प्रमुखमा डा.राजेश अहिराज

# नियुक्ति लगत्तै प्रशंसीय कार्यको सुरुवात

**मधेशवाणी डेस्क**

काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीले प्रदेश २ को प्रदेश प्रमुखमा राजेश झा अहिराज झालाई नियुक्त गरेकी छन् । मन्त्रिपरिषद्को सिफारिसमा तिलक परियारलाई पदमुक्त गरेकी राष्ट्रपति भण्डारीले रौतहटका अहिराजलाई प्रदेश प्रमुख नियुक्त गरेकी हुन् । संविधानको धारा १ सय ६३ को उपधारा (२) बमोजिम झालाई नियुक्त गरिएको हो । यस्तै राष्ट्रपति कार्यालयले संविधानको धारा १६५ को उपधारा (१) को खण्ड (ख) बमोजिम प्रदेश २ का प्रदेश प्रमुख तिलक परियारलाई पदमुक्त गरेको हो ।

प्रदेश प्रमुख झा पत्रकार तथा मधेश मामिला विश्लेषक पनि हुन् । मधेश आन्दोलन तथा मधेशवादका विषयमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि गरेका हुन । उनी मधेश आन्दोलनलाई नजिकबाट नियाल्ने गर्छन् । रौतहटको गढीमाई नगरपालिका वडा नम्बर ३ सुन्दरपुरका उनी आरक्षण र मधेशी नेताको विरुद्ध कडा रुपमा प्रस्तुत हुने गर्दछन् ।




पदभार ग्रहण गर्दै

वा घनत्वको आधारमा दम्भ वा भय निर्माण भइरहँदा समाज अशान्त र नागरिक असुरक्षित हुनसक्छ, त्यसैले प्रत्येक नागरिकलाई साझा र अपनत्वसहितको प्रदेश निर्माणमा मेरो भूमिका कायम रहनेछ,' पदभार पछि झाले भने ।

उनले प्रदेश २ भित्र रहेका विविधता, संस्कृतिको रक्षा, पहिचानको सम्मान, सद्भाव, विश्वास, देशप्रेम, भाइचारा र नागरिकमैत्री सरकार निर्माण गर्दै जानुपर्ने आवश्यकता रहेको बताए । देशहित र अब्बल प्रदेश निर्माण गर्न सुशासन, साझापन, सवलीकरण र सहकार्यको विकल्प नरहेकोले कतिपय पक्षमा तत्काल सुधारको खाँचो रहेको उनको भनाइ छ ।

पदभार ग्रहण गर्दै उनले देशभक्ति, आतिथ्य सत्कार र समृद्ध सांस्कृतिक इतिहास बोकेको प्रदेश २ मा आफूले काम गर्ने सौभाग्य पाएको जिकिर गरे । उनले सामाजिक विभेद अन्त्य गरी राष्ट्रिय एकतामा निरन्तर बल पुऱ्याउन सक्नुपर्ने बताए ।



मुख्यमन्त्री र मुख्यन्यायाधिवक्ता स्वागत गर्दै ।



सडक दुर्घटनामा घाइते भई छट्पटाइरहेकालाई उद्धार गर्दै ।

कानून विषयमा स्नातक गरेका उनी अधिवक्ताको लाइसेन्स समेत लिइसकेको बताइन्छ । उनी मधेशवाणी पत्रिका समेत सञ्चालन गर्दछन् ।

प्रदेश प्रमुखमा नियुक्त भएपछि झा आइतबार प्रदेश राजधानी जनकपुर प्रस्थान गरे । जनकपुर विमानस्थलमा उनको भव्य स्वागत गरियो । काठमाडौबाट जनकपुर पुगेका प्रमुख झालाई विमानस्थालमा १०१ किलोको माला लगाएर स्वागत गरिएको थियो । त्यसपछि प्रमुख झा विमानस्थलबाट सिधै राम जानकी मन्दिरमा दर्शन गरे ।

### गृह जिल्लामा पनि स्वागत

प्रदेश प्रमुखमा पदभार ग्रहण गरेपछि उनी गृह जिल्ला रौतहटको भ्रमण गरे । आफनो जन्मस्थल रौतहटको गढीमाई नगरपालिका ३ सुन्दरपुरस्थित गढीमाईको मन्दिरमा पूजा अर्चना पनि गरे । त्यस अवसरमा प्रदेश प्रमुख झालाई गढीमाई नगरपालिकाका मेयर श्यामप्रसाद यादव र प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवले नगरपालिकाको तर्फबाट भव्य स्वागत गर्दै २०५ किलो ग्रामको सयपत्रीको माला ओढाएर सम्मान गरे ।

### 'शिरमा देश, मनमा मधेश'

प्रदेश २ का नवनियुक्त प्रदेश प्रमुख झाले शिरमा देश र मनमा मधेश राखेर कामको सुरूवात गर्ने प्रतिवद्धता व्यक्त गरे बताएका छन् ।

आइतवार पदभार ग्रहण गर्दै झाले जन्मभूमि प्रदेश २ को प्रदेश प्रमुखको रूपमा कार्य थालनी गरेकोले शिरमा देश र मन मधेशमा राखेर गर्ने बताए । 'देश, जनता र संविधानलाई पहिलो र महत्वपूर्ण आधार बनाएर प्रदेश २ भित्रका प्रत्येक नागरिकलाई साझा, शान्त, समृद्ध र समभावसहितको समाज, जात, जन्म, स्थान

प्रदेश प्रमुख झालाई प्रदेश २ का मुख्य न्यायधिवक्ता दिपेन्द्र झासहित प्रदेशका प्रमुख सचिव ध्रुव गैरे, ओली समूहका प्रदेशसभा सदस्य रामचन्द्र मण्डल लगायतकाले पदभार ग्रहण गर्ने क्रममा स्वागत गरेका थिए ।

*बाँकी अन्तिम पृष्ठमा*

## नयाँ सत्ता समीकरणबारे प्रचण्ड-नेपाल पक्ष र जसपाबीच छलफल



काठमाडौँ । नयाँ सत्ता समीकरण निर्माण गर्ने विषयमा कम्युनिस्ट पार्टी (प्रचण्ड-नेपाल) पक्षले जनता समाजवादी पार्टीका शीर्ष नेताहरूसँग छलफल गरेको छ । नेकपाको पार्टी कार्यालय पेरिस डाँडामा भएको छलफलमा प्रचण्ड–नेपाल पक्ष खेमाका पुष्पकमल दाहाल र माधव नेपालले जसपाका अध्यक्ष महन्थ ठाकुर, राजेन्द्र महतो र राजेन्द्र श्रेष्ठ सहभागी थिए ।

छलफलका क्रममा जसपा अध्यक्ष ठाकुरले प्रचण्ड र नेपाललाई आफ्नो लाइन प्रष्ट्र पार्न आग्रह गरे । ठाकुरले मधेश एजेन्डालाई आफूहरूले प्राथमिकता दिएको बताउँदै त्यसबारे प्रचण्ड-नेपाल पक्षको प्रष्ट धारणा माग गरे ।

छलफलमा जसपा नेपालका नेताहरुले सरकारमा सहभागी हुनका लागि केही सर्त अगाडि पनि सारेका छन् । जसपाका नेताहरुले संविधान संशोधन, रेशम चौधरीलगायतका नेता कार्यकर्ताको रिहाइ भएपछि मात्र सरकारमा सहभागी हुनका लागि छलफल गर्न सकिने धारणा राखेको स्रोतले जनाएको छ । विगतमा पनि सहकार्यको नाममा उधारो सहमति गरेर सरकारमा सहभागी गराइएको तर ती सम्झौताहरु कुनै कार्यान्वयन नभएको गुनासो उनीहरुले गरे ।

सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनको निर्णय बदर गरेपछि सो समूहका अध्यक्षद्वय प्रचण्ड र नेपालले अन्य राजनीतिक दलसँग परामर्श गरिरहेका छन् ।

अब बन्ने सरकारले संविधान संशोधन, आन्दोलनका क्रममा थुनामा रहेका नेतालाई रिहाइ लगायतका विषयलाई साझा एजेण्डा बनाए मात्र सत्ता सहकार्यका लागि छलफल गर्ने कुरा राखेको छलफलमा सहभागी एक नेताले बताए ।

त्यस विषयमा नेकपा प्रचण्ड-माधव समूहका अध्यक्षद्वय प्रचण्ड र माधव नेपालले मधेशको माग पुरा गर्न आफूहरु शुरुदेखि सकारात्मक रहेको त्यसका लागि प्रयास पनि गरेको आउने दिनमा पनि त्यसको बारेमा छलफल गरेर अगाडि बढ्न सकिने बताएका थिए ।

छलफलमा आगामी दिनमा सहकार्य गरेर जानको निम्ति नेकपा प्रचण्ड माधव पक्षले प्रस्ताव गरेको जसपाका वरिष्ठ नेता राजेन्द्र महतोले बताए । छलफलमा जसपा नेताहरुले प्रचण्ड-माधव पक्षको पार्टी कुन हो स्पष्ट पार्नका लागि आग्रह गरेको पनि उनले बताए । आफूहरुले नेकपाको प्रस्ताव पार्टीको बैठकमा छलफल गर्ने बताएको पनि वरिष्ठ नेता महतोले बताए ।

जसपा नेता राजेन्द्र श्रेष्ठका अनुसार वर्तमान परिस्थितिका बारेमा छलफल भएको हो । उनले छलफलमा प्रचण्ड र नेपालले संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधरको सरकार बनाउनका लागि सहकार्य गर्न प्रस्ताव गरे बताए । तर, जसपाले त्यसमा सहमति भने जनाइसकेको छैन । संसद् पुनःस्थापनापछिको परिस्थितिमा कसरी अघि बढ्ने भन्नेबारे कुरा भएको जानकारी दिदँ उनले भने, 'संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर शक्तिहरुबीच एक भएर जानुपर्छ भन्नुभयो । हामीले त्यसमा भएका समस्याहरु के-के छन्, सबै हेरौं । तपाईंहरुको औपचारिक प्रस्ताव प्राप्त भयो । हामी पार्टीमा छलफल गरेर जवाफ दिन्छौँ भन्यौँ ।'

अबको सरकार संघीय लोकतान्त्रिक गणतन्त्र पक्षरको बनाउने भने पनि कसको नेतृत्वमा बनाउने भन्ने विषयमा भने छलफल नभएको श्रेष्ठले बताए । जसपाले संविधान संशोधन र थुनामा रहेका रेशम चौधरी रिहाइको माग गर्दै आएको छ ।

जसपासँग प्रतिनिसभामा ३४ जना सांसद भए पनि दुईजना निलम्बको अवस्थामा छन् । प्रचण्ड-नेपाल पक्षले ओली कित्तामा गएका कम्तिमा १९ जना सांसद आफ्नो पक्षमा ल्याएको खण्डमा ओली र कांग्रेस समेतलाई बाहिर राखेर सरकार बनाउन सम्भव देखिन्छ ।


# हार्दिक बधाई तथा शुभकामना



प्रदेश प्रमुख डा.राजेश अहिराज

यस मधेशवाणी साप्ताहिक पत्रिकाका सम्पादक श्री **डा.राजेश अहिराजज्यू** प्रदेश २ को प्रदेश प्रमुख जस्तो गरिमामय पदमा नियुक्त हुनु भएकोमा उहाँको सफल कार्यकाल र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दै बधाई ज्ञापन गर्दछौं ।

**मधेशवाणी परिवार**


16-45, Madheshvani, Fagun-14, 2077.pmd 1 2/26/2021, 10:28 AM

## सम्पादकीय

# नयाँ सत्ता समीकरणमा जसपा

प्रतिनिधिसभा विघटनको निर्णय बदरपछि सत्ता सञ्चालनमा नयाँ समीकरणको चर्चा परिचर्चा सुरु भएको छ। सर्वोच्च अदालतको निर्णयसँगै नयाँ समीकरणको अङ्कलबाजी पनि हुन थालेको छ। नयाँ समीकरणमा सत्तारुढ नेकपाको भूमिका अहम छ। पार्टी औपचारिक रुपमा विभाजित नभएसम्म नयाँ समीकरण यस्तै हुन्छ भन्न सकिने अवस्था छैन । नेकपा वैधानिक रूपमा विभाजित नभएका कारण भावी सत्ता समीकरणका लागि चालिने 'मुभ' प्रधानमन्त्री केपी ओलीकै भूमिकाले निर्धारण गर्छ । प्रधानमन्त्री ओलीको खुट्टामा बल छ र उनले आत्मघाती गोल गर्न पनि सक्नछन्, जोगाउन पनि सक्छन् । उनले कस्तो स्टेप चाल्छन् त्यसले भावी सत्ता समीकरण कतातिर लैजान्छ भन्ने निर्धारण गर्छ।

ओलीका लागि यतिबेला पार्टी जोगाउने अवसर पनि आएको नेकपाभित्र टिप्पणी हुन थालेको छ। उनले राजीनामा दिएर दुई नेताबीचको समझदारीअनुसार अर्का अध्यक्ष पुष्पकमल दाहाललाई प्रधानमन्त्री प्रस्ताव गरे पार्टी एकता जोगिने र राजनीतिक स्थायित्व पनि कायम कतिपयको विश्लेषण छ ।

---

**प्रदेश सरकारले संघीयता कार्यान्वयनको आधार तय गर्न र सामाजिक रूपान्तरणकै काममा सरकारले तीन वर्ष खर्चिएको दाबी गर्छ तर व्यवहारमा भने देखिएको छैन ।**

---

यदि नेपका विभाजन भएन भने त्यस्तो बेला नेकपालाई अन्य दलको साथ आवश्यक पर्दैन। एकल बहुमतको सरकार बन्छ । सडकबाट भइरहेको द्वन्द्व र ओलीको आफ्नै 'इगो' का कारण नेकपाका धेरै नेताले यस्तो बाटोमा जाने सम्भावना कम देखेका छन् । ओलीपक्षीय नेताहरूले अहिल्यै के हुन्छ भन्नेबारे बताउन चाहिरहेका छैनन । प्रधानमन्त्रीले राजीनामा दिएर पार्टी एकता जोगाउने बाटो लिएनन् भने फरक समीकरणका लागि दलहरु तयार हुनेछन् ।

यदि नेकपा विभाजन भयो भने नेकपा दाहाल-नेपाल समूहले कांग्रेस र जनता समाजवादी पार्टी (जसपा) सँग मिलेर सरकार बनाउन सक्छ। योभन्दा फरक समीकरणमा पनि सरकार बन्न सक्छ। दाहाल-नेपाल समूहले आफैं सरकारको नेतृत्व लिनका लागि कसरत गर्ने सम्भावना प्रबल छ। तर उसका लागि काँग्रेस र जसपाको सहयोग अवश्य चाहिन्छ। जसपासँग मात्रै समीकरण बनाउने हो भने दाहाल-नेपाल समूहले ओली समूहका दुई दर्जनभन्दा बढी सांसद तान्नुपर्ने हुन्छ। नेकपा दाहाल-नेपाल पक्षलाई कांग्रेससँगको सहकार्यमा सरकार बनाउन अरू विकल्पभन्दा सहज छ। अहिले जसपासँग ३४ सांसद छन्। तीमध्ये दुई जना निलम्बनमा छन् । पार्टीको आधिकारिकता र चुनाव चिह्न दाहाल-नेपाल समूहले लिनासाथ ओली समूहका दुई दर्जनभन्दा बढी सांसद फिर्ता हुने आकलन यो समूहको छ र यदि यस्तो भयो भने दाहाल-नेपाल समूहले जसपासँगको गठबन्धनमा सरकार बनाउन सक्छ।

तर जसपा भने प्रधानमन्त्री केपी शर्मा ओलीसँगको गठबन्धनमा नजोडिने प्रस्ट छ। उसको निकटता नेकपा दाहाल-नेपाल समूहसँग देखिन्छ। जसपाका नेताहरु प्रतिगमनकारी ओलीसँगै फेरि गठबन्धन सम्भव नभएको बताउँदै आएका छन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्रीको असंवैधानिक कदमलाई साथ दिएकाले उनलाई महाअभियोग लगाएर हटाउने पक्षमा पनि जसपा उभिने सम्भावना छ र जसपाको मुख्य चासो संविधान संशोधनको एजेन्डा हो र अब बन्ने सरकारसँग यो विषयमा सहमति बने मात्र जसपाले सहयोग गर्नेछ ।

# सर्वोच्चको फैसलाले दिएको सन्देश

**विचार-विश्लेषण** भाग-८५



उपेन्द्र झा

प्रधानमन्त्री केपी शर्मा ओलीले हठात् संसद विघटन गरेर स्वेच्छाचारिताको जुन प्रदर्शन गरेको थियो, सर्वोच्चले फागुन ११ गते प्रधानमन्त्री ओलीको सो कदमलाई गलत साबित गरिदिएको छ । सर्वोच्च अदालतले संसद पुनर्स्थापना गरी ओलीको अहंकारमाथि अंकुश लगाएको छ । ओलीको असंवैधानिक कदमले सर्वोच्च अदालतको निष्ठा पवित्रता तथा कानूनी राजको आस्थालाई धुलिसात् गर्ने प्रयास अन्ततः विफल भएको छ । सर्वोच्च अदालतले जनविश्वासलाई दरिलो हिसावले कायम गरेको छ ।

स्थिर सरकारको देश र जनताप्रतिको दायित्वलाई बिर्सेर स्वेच्छाचारी ढंगले आफ्नो र आसेपासेको स्वार्थलाई मात्र हेर्ने, फरक मत राख्नेलाई हेप्ने, कारबाही गर्ने, नियम कानूनको विपरीत निरंकूश ढंगले हिंड्ने आदि शासन शैलीका कारण ओली सरकार विगत तीन वर्षमा निकै बदनाम भैसकेको थियो । यही शक्ति दम्भले प्रतिनिधिसभा विघटन गर्ने असंवैधानिक कदम उठाउन बाध्य गरेको थियो । संसद पुनर्स्थापना सर्वोच्चले गर्नै सक्दैन भन्ने अभिव्यक्तिबाट सर्वोच्चलाई दबाब प्रभाव बनाइराख्दा ओलीको दम्भ त्यसै प्रष्ट हुन्छ । सर्वोच्चले संसद पुनर्स्थापनाको मुद्दा खारेज गरिदिनु पर्दछ । सार्वजनिक अभिव्यक्ति दिएर आफ्नो असंवैधानिक कदमलाई कानूनी रुप दिन अनेक प्रयास ओलीले गरेका थिए ।

संवैधानिक निकायको नीतिगत संरचना भंग गर्ने, नियुक्ति गर्ने आदि असंवैधानिक क्रियाकलापहरु एकपछि अर्को क्रमबद्ध रुपमा गर्दै गएपछि ओलीबाहेक यहाँ कुनै नियम कानून छैन भन्ने सन्देश दिने ओली आज निरीहताको शिकार हुन पुगेको छ । सर्वोच्चको फैसलाले कानूनी राज्यमा व्यक्तिको स्वेच्छाचारिता कुनै अर्थ राख्दैन भन्ने जनपक्षीय सन्देश दिएर सबैलाई कानूनप्रति आस्थावन बनाएको छ । सरकारमा आएर देश र जनताप्रतिको दायित्वर्ला बिर्सिनु हुन्न भन्ने सन्देश पनि दिएको छ । स्वेच्छाचारितालाई कानूनले कुनै हालतमा प्रश्रय दिँदैन भनेको छ ।

नेपाली राजनीतिमा हावी रहेको ओली प्रवृत्ति ओलीको हारसँगै समाप्त हुँदैन । विपक्षीमा पनि ओली प्रवृत्ति विद्यमान रहेकोले सर्वोच्चको फैसलालाई आफ्नो जीत ठानेर राजनीतिलाई स्वच्छ रहन दिँदैन । व्यक्ति फेरिने मात्र हो, शासकीय प्रवृत्ति जीवन्त रहिरहन्छ ।

हठको लागि जे पनि गर्ने ओलीको निरंकूश सामन्ती स्वभाव सर्वोच्चको फैसलालाई सामान्य ढंगले स्वीकार गर्न शंका छ । शक्तिमदले अनेक उटपटाङ्ग कार्य गराउँदै आउँदा यो घटनापछि प्रतिक्रियाविहीन ओली बस्न सक्दैन । सर्वोच्चलाई आफ्नो अभिव्यक्तिबाट चुनौती दिन ओली चुपचाप राजीनामा गर्ने निरीहतालाई स्वीकार्न सक्दैन । प्राप्त गरेको शक्तिको भरपूर प्रयोग गर्ने शासकहरुको श्रेणीमा ओली अब्बल मानिएको छ ।

ओली परिस्थितिवश संसद विघटन गरेको सतहमा सामान्य घटना देखिए पनि यो दीर्घकालीन योजनाको एउटा कडी हो । दीर्घकालीन रणनीतिक रुपमा चालिएको पहिलो कदम असफल भएपछि योजना नै समाप्त हुने भएपछि ओली प्रक्रिक्रियात्मक रुपमा आउने सम्भावना देखिन्छ । यदि सर्वोच्चको फैसलालाई शिरोधार्य गरेर राजीनामा दिने वा संसदमा विश्वासको मत लिने सहज ढंगबाट ओली प्रस्तुत भयो भने मात्र ओलीको संसद विघटन गर्ने प्रयास परिस्थितिवश रहेको मान्न सकिन्छ, नत्र होइन ।

सहज ढंगले ओली प्रस्तुत हुँदा ओलीको राजनीति यहीं समाप्त हुन्छ । हार्ने जुवाडेसँग कोही नबस्ने भएकोले ओलीको पार्टी पनि समाप्त भएर जान्छ । अन्धभक्त मतियारहरुको बिचल्ली हुन्छ । यी सब कुरा ओलीलाई पच्न सक्दैन । त्यसकारण पनि ओलीले आफ्ना अनुयायीलाई क्रियाशील राख्नु केही न केही गर्नै पर्दछ । विपक्षीलाई १० वटा सिट जितेर देखाउन ललकार्ने ओली हारको अवस्थामा के गति हुन्छ । आफ्नो पराक्रमले अनुयायीको ठूलो जमात-तमाट पार्ने ओली सहज रुपमा हार स्वीकार गर्ने अवस्थामा बस्दैन जस्तो लाग्छ ।

पराजय स्वीकार गरेर राज्यसत्ता हस्तान्तरण गर्ने नेपाली राजनीतिमा पूर्वराजा ज्ञानेन्द्र शाह मात्र देखिन्छ । अन्यले राज्य शक्तिलाई भरपूर उपयोग गरेको देखिन्छ । शक्तिशाली सरकारलाई ओली प्रवृत्ति जसरी तरलीकृत अवस्थामा लगेको हो सोही बमोजिमको दुर्दशा भोग्न ओली तयार नहुने आशंका सबैमा देखिएको छ । फैसलापछि प्रधानमन्त्री र राष्ट्रपतिको दुर्दशा त्यसै पनि सुरु हुने देखिन्छ । गलत सुरुवातको गलत अन्त्य हुने उखानले यहाँ दुई पात्रलाई बकस्ने कुरै छैन ।

कसैको मर्यादा र प्रतिष्ठालाई ख्याल नगरी ओलीले अपमानजनक वाक्यांशबाट देशको राजनीतिक धरातल नै ओलीको विपक्षमा गएको मदान्ध ओलीलाई थाहै भएन । निरंकुशताको पराकाष्ठा कुनै पनि शासकको विनाशका कारण बन्दछ । ओली अपवाद होइन, विगतका केही राम्रा कामहरु पनि आउने दुर्गतिलाई रोक्न सक्दैन । त्यसकारण शर्मनाक पराजयभन्दा शक्तिको प्रयोग गरी राजनीतिक अनुकूल परिस्थिति निर्माण गर्न ओली अग्रसर हुने सम्भावना देखिन्छ ।

सर्वोच्चले संसद पुनर्स्थापना गऱ्यो भने हामी देशव्यापी रुपमा आन्दोलन गर्छौं भनेर सर्वोच्चलाई धम्काउने ओली आन्दोलन होइन संकटकाल लगाउने आशंकालाइ बढाएको छ । ओलीद्वारा गरिने आन्दोलनको कुनै अर्थ छैन । सूर्य छापको पार्टी पनि अब प्रचण्ड-माधव खेमामा जाने सम्भावना बढाएको छ । यी सब कुरालाई रोक्न एक मात्र विकल्प संकटकाल हो । ओलीको जिद्दी स्वभावले यही कुरालाई इंगित गर्दछ ।

स्थिर र जनपक्षीय शासन प्रणाली बसाल्न हजारौंको शहादत भएपनि ७० वर्षको अन्तरालमा जतिसुकै प्रयास विफल रहेको स्पष्ट छ । नेपाली कांग्रेस र कम्युनिष्ट सरकारले स्थिर सरकार बनाउन प्राप्त गरेको जनादेशलाई शासकवर्गको स्वेच्छाचारिताले आधी कार्यकाल पनि पूरा हुन दिएन । सिस्टम बस्न नदिन शासकवर्गको चारित्रिक दोष मुख्य कारक रहेको छ । अहिले पनि त्यहीं भएको छ ।

> निरंकुशताको पराकाष्ठा कुनै पनि शासकको विनाशका कारण बन्दछ । ओली अपवाद होइन, विगतका केही राम्रा कामहरु पनि आउने दुर्गतिलाई रोक्न सक्दैन । त्यसकारण शर्मनाक पराजयभन्दा शक्तिको प्रयोग गरी राजनीतिक अनुकूल परिस्थिति निर्माण गर्न ओली अग्रसर हुने सम्भावना देखिन्छ ।

janukjha24@gmail.com

# नयाँ समीकरण प्राकृतिक हुनुपर्छ



राजेन्द्र श्रेष्ठ

बुधबार म र नेकपा दाहाल-नेपाल समूहका नेताहरुसँग कसरी जान सकिन्छ ? भन्ने विषयमा थोरै कुराकानी भएको थियो । र, आज बिहीबार चाहीँ औपचारिक रुपमा कुराकानी भएको छ । आज चाहीँ दुई पार्टीको बीचमा औपचारिक वार्ता भयो । वार्तामा नेकपाको तर्फबाट कमरेड प्रचण्ड, कमरेड माधव नेपाल दुवै अध्यक्ष हुनुहुन्थ्यो, हाम्रो तर्फबाट अध्यक्ष महन्थ ठाकुर, राजेन्द्र महतो र म गरी तीन जना थियौं । वार्तामा प्रचण्ड कमरेड र माधव कमरेड दुवैले आजको सन्दर्भमा हामीले चाहेपनि नचाहेपनि एउटा नयाँ ढंगले बढ्नुपर्ने आवश्यकक्ता यो देशले नै निर्माण गरेका हौं । नकारात्मक काम गरेर केपीले यो संसद विघटन गरे, त्यसको सकारात्मक परिणाम चाहीँ संसद पुनःस्थापना भएर सहकार्यको वातावरण बन्ने स्थिति आउँदैछ । हामीले सडकमा आ-आफ्नो ढंगले, आफ्नै पाराले, नेपाली कांग्रेस पनि सडकमा उत्रियौं । यो प्रतिगामी, अलोकतान्त्रिक र असंवैधानिक कदम हो भन्ने कुरामा कांग्रेस पनि निस्कियो । हामी पनि त्यसैगरि निस्कियौं । जनता समाजवादी पार्टीले पनि त्यही धारणा राखेर सडकमा आयो । यस हिसाबले तीनवटै पार्टी आफ्नो ठाउँबाट सडकमा उत्रियो, कार्यगत रुपमा हेर्दाखेरि एउटा मोर्चा नबने पनि आफ्नो ठाउँबाट हामी एकै ठाउँमा पुग्यौं । त्यसकारण यो नकारात्मक प्रवृत्तिबाट हामी सकारात्मक ठाउँमा पुग्यौं भन्ने कुरा प्रचण्ड-नेपालहरुले गर्दै अब नयाँ स्थितिमा हामीले पुनः संयुक्त भएर जाने वातावरण बनाउनु पर्छ । अविश्वासका प्रस्तावमा मिलेर जाऔं । संयुक्त रुपमा अविश्वासको प्रस्ताव राखौं । संवैधानिक व्यवस्थाअनुसार सहमतिको आधारमा नयाँ प्रधानमन्त्री चयन गरौं । सरकारमा पनि मिलेरै जाऔं । दुई वर्षभित्र देशका सबै समस्या हल गरेर जाऔं भन्ने प्रस्ताव राख्नुभयो । हिजोपनि मसँग त्यही प्रस्ताव राख्नुभएको थियो ।

र, हामीले त के भन्यौं भने-सहकार्यको प्रस्ताव आएको छ, यसको मोडालिटी प्रष्ट हुनुपर्छ। हिजोको आन्दोलनमा संविधान जारी बखतकै बेलामा ३० दलीय गठबन्धन थियो। आन्दोलनमा सहकार्य गर्दा, हिजोको जस्तो विश्वासको संकट हुनुहुँदैन भन्ने कुरा आयो। संविधान संशोधनको विषयमा हाम्रो मुद्दाहरु छन्। संविधानमा धेरैखाले त्रुटि छन्। हामीले संविधान संशोधनको कुरा पनि उठायौं। रेशम चौधरी, आन्दोलनको क्रममा उहाँमाथि झुठा आरोप लगाएको छ। सपथ गराउने अनि संसदमा हाजिर हुन नदिने काम भयो। सत्ता पक्षले दोहोरो चरित्र देखायो। सहकार्य गर्न खुल्ला हृदय हुनुपर्छ। हामीले कुरा उठायौं। भविष्यको गन्तब्यको कुरा पनि गऱ्यौं।

मुख्य कुरा के हो भने हिजोदेखि हामीले गर्दै आएका क्रियाकलापहरु, दलहरुको एजेण्डा छन्। सहकार्यका मोडालिटी कस्ता होलान् ? भन्नेमा ध्यान दिनुपर्छ। समीकरण प्राकृतिक हुनुपर्छ। असैद्धान्तिक र अप्राकृतिक गठबन्धन भयो भने आज फेरि सत्ताको लागि गठबन्धन हुन्छ। फेरि त्यो टुटछ। त्यसैले हाम्रो चाहीँ जोड के हो भने कुनै पनि गठबन्धन गर्दा प्राकृतिक हुनुपर्छ। संघीय लोकतान्त्रिक गठबन्धन स्विकार्य हुनुपर्छ। पहिचानसहितको संघीय शासनको कुरा गर्छौं। समानुपातिकक समावेशीमा केही केही बहस छन्। झुठा आरोपमा थुनिएका बन्दी रिहाईको विषय छ। समृद्धि र सुशासनमा लैजाने आधार हुनुपर्छ। ठोस आधार हुनुपर्छ। अनि मात्रै सहकार्यको सम्भावना हुन्छ। हामीले जवाफ मागेका छौं। प्रारम्भिक वार्ता भएको हो। कार्यकारिणी समितिको बैठकले जे निर्णय गर्छ त्यही हुन्छ।

*(राजधानीमा आयोजित कार्यक्रममा श्रेष्ठले दिएको मन्तव्यको संपादित अंश)*

# जसपा महत्वपूर्ण शक्ति हो, यसपटक गल्ती दोहोऱ्याउनु हुँदैन

**हामी बारम्बार ठगिएका छौं, फेरि पनि ठगिनु हुँदैन । धेरै पटक हामी ठगीमा परेका छौं, अब फेरि पनि हामीसँग ठगी हुनु हुँदैन । एकचोटि ठग्यो त्रुटि भो बुझिएन, दोस्रो पटक ठग्यो त्यो लापरवाही हो, पटक–पटक ठग्यो भने हामी मुर्ख हौं भन्ने कुरा प्रमाणित हुन्छ । त्यो गल्ती हामीले गर्नु हुँदैन ।**



**सर्वेन्द्रनाथ शुक्ल**
केन्द्रीय कार्यकारिणी समिति सदस्य
जनता समाजवादी पार्टी नेपाल

**० जनता समाजवादी पार्टी नेपालले संसद पुनर्स्थापनाको माग गर्दै निरन्तर आन्दोलन गर्दै आएको थियो, माग पूरा भयो ?**

– असंवैधानिक तवरले गरिएको संसद विघटन पुनर्स्थापना हुनुपर्छ भन्ने माग हाम्रो पनि थियो र सर्वोच्च अदालतको निर्णयसँगै यो माग पूरा भएको छ । असंवैधानिक र अलोकतान्त्रिक कदम सच्याउनुपर्छ भनेर हामी आन्दोलित थियौं । हामीले के पनि भनेका थियौं भने सर्वोच्च अदालतको सर्वोच्चता कायम रहनुपर्छ र सर्वोच्चले जे फैसला गर्छ त्यसलाई हामी स्वीकार गर्छौं ।

**० अब बन्ने राजनीतिक समीकरणमा जसपाको भूमिका के हुनेछ ?**

– भोली नै अर्को सरकार बनिहाल्छ भन्ने स्थिति छैन । वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीलाई संवैधानिक प्रक्रियाअनुसार अविश्वासको प्रस्ताव लगेर हटाउने कुराहरु छन् । त्यसमा पनि कानूनी जटिलताहरु धेरै छन् । प्रधानमन्त्री ओलीलाई हटाउनुपर्छ भन्ने कुरा कसरी प्रस्तुत हुन्छ, त्यसबारे हामीले पार्टीभित्र गहन छलफल र विश्लेषण गर्नुपर्छ । सबै कुरालाई ध्यान दिई कसरी अगाडि बढ्ने भन्नेबारे निर्णय लिनुपर्छ । हटाउने एउटा कुरा हो, अहिलेको प्रधानमन्त्रीलाई प्रतिस्थापन गरेर जुन शक्ति आउँछ त्यो सही बाटोमा जाओस् भन्ने कुरामा पनि हामी आश्वस्त नभइकन त्यतातिर जान पनि हामीलाई गाह्रो हुन्छ । जसपाको आफ्नो मधेश मुद्दा छ । जसपाले बारम्बार उठाउँदै आएको सांसद रेशम लाल चौधरी लगायतका विभिन्न राजबन्दीहरुको रिहाई, झुठा मुद्दा फिर्ता, संविधान संशोधन लगायतका मुद्दाहरु अहिले पनि जीवित छन् । ती मुद्दाहरु हाम्रो धरोहर हो । त्यसैले नेतृत्वमा जोसुकै आएपनि हाम्रा मुद्दाका पक्षमा को सकारात्मक हुन्छ, कसले तुरुन्त कस्तो मार्गचित्र प्रस्तुत गर्छ, त्यस हिसावले हामीले निर्णय गर्नुपर्छ । यसबारे पार्टीभित्र छलफल भएर निर्णय होला । त्यसैले कांग्रेस र कम्युनिष्टभन्दा जसपा फरक यहीमा मुद्दा हो । उपेक्षित समुदायको उत्थानका लागि हामी एकताबद्ध भएका छौं र जसपा निर्माण गरेका छौं । जुन नेतृत्वले सही मार्गचित्र दिन्छ, त्यो मार्गचित्रलाई मध्यनजर गरी हामी आफ्नो समर्थन त्यो सरकारलाई दिनुपर्छ ।

**० जसपा सरकारमा जानुपर्छ ?**

– सरकारमा जानु नजानु गौण कुरा हो । विगतमा अहिलेका हाम्रा नेताहरु पटक-पटक सरकारमा गए, तर हाम्रा मुद्दाहरु एक इन्च पनि अगाडि बढेन । आश्वासनमात्रै पाइयो । अब आश्वासन मात्रै होइन, हाम्रो माग मुद्दा सम्बोधन हुने मार्गचित्र र विश्वस्त हुने गरी जान सकिन्छ । हाम्रा केही कुराहरु तत्काल पूरा हुने अवस्थाको छ, ती सबै कुरालाई मध्यनजर गर्दै हामीले निर्णय गर्नुपर्छ र जसपाले आफ्नो भूमिका खेल्नुपर्छ ।

**० भनेपछि आश्वासन वा लिखित प्रतिबद्धताकै भरमा जसपा सरकारमा जाँदैन ?**

– आश्वासन वा लिखित सम्झौताकै भरमा जसपा सरकारमा जान हुँदैन । हामीले पहिला सबै कुरा समीक्षा गर्नुपर्छ, मार्गचित्रको विश्लेषण गर्नुपर्छ । मौखिक कुरा गरेर कुनै नेताको पद प्राप्तिका लागि जसपाले सरकारमा सहभागी हुने काम गर्नु हुँदैन । समग्र उपेक्षित जनताको लाभका लागि मात्रै जसपामा सरकारमा जानुपर्छ । यदि हामी वैकल्पिक शक्ति बन्न चाहन्छौं भने कांग्रेस र कम्युनिष्टभन्दा फरकको बाटो हामीले निर्धारित गरेर अगाडि बढ्नुपर्छ ।

**० विगतमा पनि राजपाले आश्वासनको भरमा सरकारलाई बाहिरबाट समर्थन गरेको थियो । अहिले संसद चलेपछि हर्स ट्रेडिङ्ग सुरु हुने पनि देखिँदैछ । यस्तो अवस्थामा जसपा आफ्नो माग र मुद्दाप्रति अडिग रहँदै सरकार बनाउनेभन्दा पनि तटस्थ बस्न सक्दैन ?**

– व्यक्तिको चरित्र एउटा कुरा हुनसक्ला । विगतमा राजपाले सर्तसहित बाहिरबाट समर्थन गऱ्यो । त्यो सर्त पूरा नगरेपछि केही दिनपछि समर्थन फिर्ता लियो । रेशम चौधरीलाई न्यायसंगत निर्णय नभएपछि हामीले सरकारलाई दिएको समर्थन फिर्ता लियौं । अब विगतको गल्तीबाट हामीले सिक्नुपर्छ । आउँदो दिनमा संसद सुचारु भएपछि हर्स ट्रेडिङ्ग हुन्छ नै । हर्स ट्रेडिङ्ग सामाजिक विकृत्ति हो । हर्स ट्रेडिङ्गको बाटोमा मुलुक जान्छ भन्ने कुरा हामीले त पहिलेदेखि भन्दै आएका छौं । किनभने हंग पार्लियमेन्टमा बहुमत नभएपछि भ्रष्टाचारको पैसाको उपयोग त्यस्तै खेलमा हुन्छ । तर हामी त्यसमा लिप्त भयौं भने जनताको अगाडि आफूलाई वैकल्पिक शक्तिको रुपमा प्रस्तुत गर्न सक्दैनौं ।

**० सरकारमा जानका लागि जसपा फुट्न सक्ने वा केही नेता जान सक्ने अवस्था पनि छ ?**

– सत्ताकै लागि पार्टी फुट्ने सम्भावना छैन । मार्गचित्रलाई गहिरोसम्म अध्ययन गर्नुपर्छ । हामीले विगतमा जे गल्ती गऱ्यौं त्यो दोहोरिनु हुँदैन । जब हाम्रो अगाडि प्रस्ताव आउँछ, हामीले आफ्नो माग र एजेन्डा राखेपछि सत्ता समीकरण बनाउनेहरुको जवाफ कस्तो आउँछ, त्यसअनुसारले हामी निर्णय गर्नुपर्छ । हामी बारम्बार ठगिएका छौं, फेरि पनि ठगिनु हुँदैन । धेरै पटक हामी ठगीमा परेका छौं, अब फेरि पनि हामीसँग ठगी हुनु हुनु हुँदैन । एकचोटि ठग्यो त्रुटि भो बुझिएन, दोस्रो पटक ठग्यो त्यो लापरवाही हो, पटक-पटक ठग्यो भने हामी मुर्ख हौं भन्ने कुरा प्रमाणित हुन्छ । त्यो गल्ती हामीले गर्नु हुँदैन ।

**० प्रचण्डले केपी ओलीसँग अब सहकार्य हुँदैन भन्नुभएको छ । संसदमा प्रधानमन्त्री ओलीले विश्वासको मतका लागि विभिन्न लविङ्ग गर्नुहुन्छ । भनेपछि अबको दिनमा सत्ता समीकरणमा जसपा एउटा महत्वपूर्ण दल भएको छ । जसपाको झुकाव कतातिर हुने देखिन्छ ?**

– विगतमा सबैले हामीसँग प्रतिबद्धता गरेका थियौं तर कसैले पनि पूरा गरेनन् । जसले हाम्रा माग र मुद्दालाई समर्थन र सम्बोधन गर्छ उसलाई नै विश्वास गर्नुपर्ने हुन्छ । विगतमा प्रचण्डजीले पनि आश्वासन दिनुभएको थियो, लिखित सम्झौता गर्नुभएको थियो, त्यस्तै शेरबहादुर देउवा र ओलीजीले पनि गर्नुभएको छ । यी तीनटै नेताहरुले हामीलाई पालैपालो ठग्नुभएका छन् । पटक-पटक मधेशवादी, आदिवासी जनजाति, थारुलाई यिनीहरुले झुक्याएका छन् । अब जुनसुकै नेता आएपनि उसको अनुहारभन्दा मार्गचित्र हेरेर मात्रै हामीले निर्णय गर्नुपर्छ ।

**० कस्तो मार्गचित्र खोज्नुभएको छ ?**

– हाम्रो मार्गचित्र भनेको कुन मुद्दालाई कसरी सम्बोधन गर्ने र कति दिनमा समाधान गर्ने हो । मार्गचित्र भनेको समयसीमा र कुन बाटो समाधान गर्ने नै हो । जस्तै, नागरिकताको मुद्दा संसदबाट आएर समितिमा बसिरहेको छ । हाम्रो चाहनाअनुसार कसले पास गराउने काम गर्छ, कसले त्यस हिसावले अगाडि बढाउँछ । अथवा तत्काल अध्यादेशबाट पास गरेर संसदबाट पास गर्ने कुरा कसले गर्छ । त्यस्तै, अन्य पनि हाम्रा मुद्दाहरु छन् । मधेश-थरुहट आन्दोलनका राजबन्दी रिहाइका लागि कसले कस्तो प्रस्ताव गर्छ, कुन बाटोबाट चाँडोभन्दा चाँडो गर्ने । ती सबै कुरालाई हामीले विचार गरेर एउटा निर्णय दिनुपर्छ ।

**० भनेपछि पहिला परिणाम चाहियो ?**

– देखिने परिणाम अगाडि त्यो बाटोमा अगाडि नबढिकन पत्याउने स्थिति त छैन । आश्वासनभन्दा पनि गर्ने बाटोमा अगाडि नबढिकन त विश्वास गर्न सकिन्न । जसपाको समर्थन बिना अहिलेको अवस्थामा सरकार पनि बन्न सक्दैन । त्यसैले दुइटैको बीचमा बसेर हामीले समाधान खोज्नुपर्छ । अहिले त विभिन्न सम्भावनाहरु खुल्ला छन् । तर सैद्धान्तिक रुपमा हाम्रा मुद्दा समाधानको कुरामा उद्दार हुने खालको वातावरण छैन । समयसीमासहित हाम्रो माग मुद्दा सम्बोधन हुने जबसम्म स्पष्ट हुँदैन तबसम्म पत्याइहाल्ने अवस्था छैन ।

**० प्रधानमन्त्री ओलीकै कारण जसपा अहिले निर्णायक शक्ति बनेको हो । तपाईंहरुलाई फाइदै भएको छ नि ?**

– प्रधानमन्त्रीको कदमभन्दा पनि नेकपाको आपसी द्वन्द्वका कारण अहिले हामी निर्णायक शक्ति बनेका हौं । नेकपा आधिकारिकरुपमा विभाजित नभए पनि दुई समूहमा प्रस्तुत भएको छ, त्यसले जसपाको काँधमा थप जिम्मेवारी दिएको छ । अन्यथा जनताले हामीलाई जिम्मेवारी पूरा गराउने खालको मत दिएको थिएन । अहिले नेकपामा फुट भएकोले हाम्रो यही संख्या निर्णायक हुन पुगेको छ । इतिहासले हामीलाई यो जिम्मेवारी दिएको छ र यसमा हामी चुक्नु हुँदैन । प्रधानमन्त्रीकै कदमको कारण अहिले जसपा निर्माण भएको छ । तर उहाँले हामीलाई नै फाइदा हुने हिसावले त्यो उठाउनुभएको थिएन । त्यो कदमको प्रतिक्रियामा हामी अगाडि बढ्दा हामीलाई फाइदा हुन गयो । विगतमा प्रधानमन्त्री ओलीले दलसम्बन्धी अध्यादेश ल्याउनुभयो, जुन उहाँले आफ्नै फाइदाका लागि ल्याउनुभएको थियो । तत्कालीन समाजवादी पार्टी र राजपाबीच एकीकरणको हामी प्रक्रियामै थियौं । तर जब त्यो अध्यादेश आयो र समाजवादी पार्टीमा जुन खालको विवाद बढ्यो त्यसले हामीलाई तुरुन्त एकताका लागि बल पुग्यो र हामी एकीकरणको घोषणा गऱ्यौं । प्रधानमन्त्री ओलीले जहिले पनि आफ्नो सत्ता टिकाउनका लागि त्यस्ता कदमहरु चाल्दै आउनुभयो । तर अहिले आएर संसदभित्र हाम्रो भूमिका महत्वपूर्ण हुन गयो । त्यसको हामीले अधिकतम् उपयोग गर्नुपर्छ ।

**० कहिलेसम्म नयाँ सत्ता समीकरण बन्ने देख्नुहुन्छ ?**

– अहिलेसम्म त नयाँ सरकारको नेतृत्व कसले लिने, त्यो संख्या कसरी पुऱ्याउने लगायतका कुराहरु पर्दा पछाडि छ । तर यो सामान्य स्थिति छैन, जटिल स्थिति हो । किनभने कांग्रेसमा पनि दुई धार छ, नेकपा त दुई समूहमा छ नै । अविश्वासको मत विचाराधीन छ, त्यसका लागि संख्या पुग्छ वा पुग्दैन । यदि संख्या पुग्यो र अविश्वासको मत पारित भएपछि नयाँ सरकार कसरी बन्ने लगायतका सबै कुराहरुमा धेरै बाधा र अवरोधहरु छन् । ती बाधा अवरोधहरुको समाधान कसरी गर्न सकिन्छ भन्ने कुरा सम्बन्धित शक्तिमा भर पर्छ । त्यसैले नयाँ सत्ता समीकरण मिलाउन सजिलो छैन । निकै गाह्रो स्थिति छ र संविधानले कुनै समयावधि तोकेको छैन । जबसम्म नयाँ सरकार बन्दैन तबसम्म यो सरकार कामचलाउको अवस्था रहन्छ ।

**० त्यसो हो भने संसद पुनर्स्थापनाले त मुलुकलाई झन् अनिश्चिततातर्फ धकेल्यो नि ?**

– तत्कालीन वाम गठबन्धनलाई जनताले दुई तिहाइको मत दिए, मुलुकको बागडोर सम्हाल्ने जिम्मेवारी दिए । तर जुन दिन नेकपाले त्यो जिम्मेवारीलाई पन्छाएर स्वेच्छाचारी र आफ्नो व्यक्तिगत फाइदाका लागि नेतृत्वहरुले गतिविधि गर्न थाले, त्यसपछि नै त्यो सम्भावना टऱ्यो । यसभन्दा अघि पनि काम हुन सकेको थिएन, मुलुक ठप्प नै थियो, राज्य अगाडि बढ्न सकेको थिएन । ओलीजीले एउटा कारण पनि देखाउनु हुन्छ कि आफ्नै पार्टीका नेताहरुले काम गर्न दिएन । नेकपाभित्रकै द्वन्द्वले गर्दा अधिकांश समय व्यवस्थापनमै सकियो, राज्य सञ्चालनमा होइन । अहिले आएर नेकपाभित्रको दुई समूहबीच खुल्ला द्वन्द्व भयो । त्यसैले अस्थिरता झन् बढेर गयो । यसको प्रमुख कारक तत्व नेकपाका ती दुइटै समूह हुन्, एउटालाई मात्रै दोष दिएर हुँदैन । कांग्रेसले प्रमुख प्रतिपक्षीको जिम्मा पाएको थियो, त्यसमा पनि धेरै कमी कमजोरीहरु विगतमा रहेका थिए ।

**० भनेपछि मुलुक झन् अस्थिरतामा फस्यो ?**

– हंग पार्लियमेन्टमा स्थिरताको कल्पना गर्नु व्यर्थ हो । त्यो पनि अहिले चरम भ्रष्टाचारको बेला मुलुकभित्र स्थिरताको कल्पना गर्नु दिवास्वप्न हो । त्यसैले हर्स ट्रेडिङ्ग पनि बढ्छ । सरकार बन्ने र ढल्ने कुराहरु सुरु हुन्छन् । विगतमा भएका संसदीय खेलको मैले नजिकबाट नियालेको थिएँ । ती सबै दिनहरुको सम्झना अहिले आइरहेको छ । अहिले सरकारमा जुन किसिमले खुल्लेयाम भ्रष्टाचार र अनियमितता भयो त्यसले हर्स ट्रेडिङ्गलाई मलजल गर्छ । सांसद खरिद-बिक्री जोडतोडका साथ हुन्छ । सांसद खरिद-बिक्री भनेको अस्थिरताका लागि हो ।

**० जसपाको केन्द्रमा लगभग समायोजन सम्पन्न भएको छ, जिल्ला र प्रदेशमा कस्तो अवस्था छ ?**

– पार्टीले वार्ड र पालिकाको समायोजन गर्ने निर्णय गरिसकेको छ । केही ठाउँमा भएको छ र धेरै ठाउँमा हुन बाँकी छ । हाम्रो आगामी बैठक त्यसलाई कसरी ठोस रुपमा सम्पन्न गर्ने भन्ने कुरामा निश्चित मापदण्डअनुसार अगाडि बढ्छ । संसद विघटनले मुलुकमा दुई महिनासम्म अन्योलताको अवस्था थियो, त्यसले पनि हाम्रो समायोजन प्रक्रियालाई अलिकति प्रभावित गरेको थियो । अहिले फेरि समायोजनका लागि अनुकूल परिस्थिति बन्छ, हामीले समायोजन प्रक्रियालाई चाँडोभन्दा चाँडो पूरा गर्नुपर्छ ।

**० सत्ता समीकरणले जसपाको समायोजनलाई प्रभावित पार्दैन ?**

– यदि जसपा सरकारमा गयो भने समायोजन प्रक्रियालाई कहीं न कहीं प्रभाव पार्ला । तर समायोजनलाई प्रभावित पार्न दिनु हुँदैन । सरकारको पक्ष बेग्लै हो र पार्टीको पक्ष बेग्लै हो । पार्टी बलियो भने हाम्रा दह्रो रुपमा प्रस्तुत हुन सक्छौं । चुनावका बेलामा हामीलाई सांगठनिक संरचनाको आवश्यकता पर्छ । त्यसैले संगठनलाई बलियो बनाउनेतिर हामी लाग्नुपर्छ । यदि जसपा सरकारमा गयो भने समायोजन प्रक्रियालाई सहयोग पुऱ्याउनु पर्छ, त्यसमा अवरोध पुऱ्याउने काम गर्नु हुन्न ।

**० नेपालमा राजनीतिक र संवैधानिक संकट निम्तिएको बेला छिमेकी राष्ट्रहरुको भूमिको पाउनुभयो ?**

– सबै मित्रराष्ट्र, छिमेकी राष्ट्र र दूरदराजका मित्रराष्ट्रहरुले नेपालमा अस्थिरता आउन दिनु हुँदैन भन्ने पक्षमा नै हुन्छ । चाँडोभन्दा चाँडो अस्थिरतालाई समाप्त पार्नुपर्छ । निर्वाचन वा पुनर्स्थापना जे गरेर होस् अस्थिरतालाई समाप्त पार्नुपर्दछ । अहिले संसद पुनर्स्थापना त भयो तर अस्थिरता समाप्त हुन्छ भन्ने कुराको सुनिश्चितता छैन । जबसम्म नेपालमा अस्थिरता आउँदैन, तबसम्म विकास र समृद्धि आउँदैन । नेपालमा स्थिरताका लागि छिमेकी वा मित्रराष्ट्रहरुको चाहना, योगदान रहँदै आएको छ ।

(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)

# यस्तो छ संसद पुनर्स्थापनाबारे सर्वोच्चको संक्षिप्त फैसला




यस इजलासमा विचाराधीन रहेको प्रस्तुत विवादमा निवेदन व्यहोरा, लिखित जवाफ, निवेदकहरु तथा प्रत्यर्थीहरुका तर्फबाट उपस्थित भई बहस गर्नुहुने एवं अदालतको सहयोगीको रुपमा उपस्थित हुनु भएका विद्वान कानून व्यवसायीहरुले प्रस्तुत गर्नु भएको बहसजिकीर, बहसनोट समेतलाई दृष्टिगत् गर्दा प्रस्तुत विवादको निरुपणमा मुख्यतः निम्नलिखित प्रश्नमा निर्णय दिनुपर्ने देखिन आएको छ-

१. प्रतिनिधिसभा विघटनको लागि सम्माननीय प्रधानमन्त्रीले पेश गर्नुभएको सिफारिसका आधारमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७।९।५ मा प्रतिनिधि सभा विघटन भएको प्रश्नमा राजनीतिक विषयवस्तु समावेश भएको भन्ने कारणले प्रस्तुत विवाद यस अदालतले न्यायनिरोपण गर्न मिल्ने प्रकृतिको हो वा होइन ?

२. संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्यमान्यता तथा आफ्नै र संसदीय प्रणाली र भएका विभिन्न मुलुकहरुको अभ्यास बमोजिम प्रतिनिधिसभा विघटन गर्नु नेपालको संविधानसम्मत हुन्छ वा हुँदैन ?

३. नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ प्रयोग गरी प्रतिनिधिसभा विघटन गर्नु संविधानसम्मत हुने हो वा होइन ?

४. सम्माननीय प्रधानमन्त्रीको प्रतिनिधि सभा विघटनको सिफारिस दुराशययुक्त छ वा छैन ?

५. रिट निवेदनको माँग अनुसार आदेश जारी गर्नु पर्ने वा नपर्ने के हो ?

निवेदकहरूको निवेदन व्यहोरा हेर्दा सम्माननीय प्रधानमन्त्री नेपालको संविधान (यस उप्रान्त "संविधान" भनी सम्बोधन गरिएको) को धारा ७६ को उपधारा (१) अन्तर्गतको प्रधानमन्त्री भएको, उक्त धारा अनुसार नियुक्त भएका प्रधानमन्त्रीले संविधानको धारा ७६(७) को अधिकार प्रयोग गर्न नसक्ने, धारा ८५ को व्यवस्थाले विघटन गर्ने अधिकार श्रृजना नगर्ने, प्रधानमन्त्रीको सुविधा वा असुविधाको आधारमा प्रतिनिधि सभा विघटन गर्न पाउने स्वविवेकिय अधिकार यो संविधान वमोजिम प्राप्त गर्न नसक्ने, हाम्रो विशिष्ट प्रकृतिको संसदीय व्यवस्था भएको मुलुकका लागि परम्परागत् संसदीय व्यवस्था भएको मुलुकको दृष्टान्त अनुकरणीय हुन नसक्ने भएकोले संविधानमा नै नभएको अधिकार प्रयोग गरी प्रतिनिधि सभा विघटन गर्ने सिफारिस गैर संवैधानिक भएको हुँदा सम्माननीय प्रधानमन्त्रीले मिति २०७७।९।५ मा प्रतिनिधि सभा विघटन गर्नुभएको सिफारिस र सो सिफारिसको आधारमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७।९।५ गते प्रतिनिधि सभा विघटन गर्ने गरी भएका सम्पूर्ण कार्यहरू नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) वमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी प्रतिनिधि सभाले गर्नु पर्ने कामहरू सम्पादन गर्न आवश्यक र उपयुक्त आदेश गरी पाउँ भन्ने निवेदकको माग दावी रहेको देखिन्छ ।

प्रत्यर्थीहरु मध्यका सम्माननीय प्रधानमन्त्रीले प्रस्तुत गर्नु भएको लिखितजवाफ हेर्दा मुलुकको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको, संविधानको धारा ७४ मा संसदीय शासन प्रणाली अवलम्बन गरी सो प्रणालीका विशेषतालाई स्वीकार गरीएको, प्रधानमन्त्रीले संसद विघटन गर्न पाउने अधिकार संसदीय प्रणालीको अन्तर्निहित मूल्य र आधारभूत मान्यता भित्र पर्ने, धारा ८५ ले प्रतिनिधि सभाको कार्यकाल समाप्त हुनु अगावै विघटन हुनसक्ने अवस्था स्वीकार गरेको, प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनका लागि सिफारिस गर्न नपाउने भनी संविधानले कतै व्यक्त वा अव्यक्तरुपमा रोकेको अवस्था नभएको, धारा ७५ ले प्रदान गरेको कार्यकारिणी अधिकारमा यस विषयमा कुनै सीमा निर्धारण नगरिएको, धारा ७६ को उपधारा (१) बमोजिम मेरो नेतृत्वमा सरकार सञ्चालन भई रहेकोमा धारा ७६ को उपधारा (७) ले बैकल्पिक सरकार गठन हुन नसक्ने अवस्थामा प्रतिनिधि सभा विघटन हुन सक्ने परिकल्पना गरेको र प्रस्तुत विषयवस्तु राजनीतिक भएकोले अदालत प्रवेश गर्न नमिल्ने हुँदा उक्त संवैधानिक व्यवस्था संसदीय शासन प्रणालीको आधारभूत मान्यता र संसदीय प्रणाली अवलम्बन गर्ने मुलुकहरूका अभ्यास समेतका आधारमा प्रतिनिधि सभा विघटनको सिफारिस संविधान सम्मत भएको हुदा रिट निवेदन खारेज गरी पाँउ भन्ने समेत व्यहोरा उल्लेख भएको पाइन्छ ।

उपर्युक्त निवेदनहरुको माँग र लिखित जवाफहरुको जिकीरहरु लगायत नेपालको संवैधानिक व्यवस्था, प्रतिपादित नजीर तथा वाहिरका संवैधानिक अभ्यासहरू समेतका आधारमा बिचार गर्दा निम्नानुसारका अवस्थाहरु देखियो-

(१) प्रत्यर्थीहरुले प्रारम्भिक रुपमै यो राजनीतिक विषयवस्तु समावेश भएको विवाद हुँदा यस अदालतबाट न्याय निरोपण योग्य होइन भन्ने प्रश्न उठाउनु भएको छ । सो तर्फ विचार गर्दा संविधानमा न्यायिक निरुपणको विषय हुदैन भनी प्रष्ट शब्दमा अन्यथा व्यवस्था गरेको विषयका कुरामा वाहेक संविधानमा रहेका कुनै प्रावधानको प्रयोग र व्याख्या सम्बन्धी प्रश्न उठाई अदालतमा प्रवेश गरिएको अवस्थामा त्यस प्रकारका प्रश्नहरूको निरुपण गर्नु यस अदालतको कर्तव्य नै वन्दछ । केवल राजनीतिक महत्व वा राजनीतिक क्रियाकलाप भन्ने जस्ता कुराको आवरणमा संविधानद्वारा निर्धारत सीमा वा परिधि नाधेको भनी उठाएको प्रश्नहरूको निरुपण गर्न पन्छिने हो भने यस इजलासले संविधान प्रदत्त जिम्मेवारी पुरा नगरेको अवस्था सृजना हुन जान्छ। संविधानको धारा ७६ को उपधारा (१) र (७) र धारा ८५ प्रयोग गरी गरिएको प्रतिनिधि सभा विघटनको निर्णय संविधान सम्मत हुन्छ वा हुँदैन भन्ने जस्ता विशद्ध संवैधानिक प्रश्नहरू प्रस्तत विवादमा देखिएको र गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको ती विषयहरूको निरुपण नेपालको संविधानको धारा १३७ को उपधारा (३) बमोजिम यस अदालतको संवैधानिक इजलासले नै हेर्नुपर्ने संवैधानिक दायित्व रहेको कारण प्रस्तुत विवादका प्रश्नहरू न्यायिक निरुपण योग्य रहेको देखिदा राजनीतिक विषयवस्तु वा प्रश्न मात्र सन्निहित रहेको भन्ने तर्क स्वीकार गर्न सकिएन । नेपाल अधिराज्यको संविधान, २०४७ लागू भएपछि पटक पटक प्रतिनिधि सभा विघटन भएकोमा यस अदालतबाट तत्कालिन संवैधानिक व्यवस्थाहरुको आधारमा निवेदक हरिप्रसाद नेपाल समेत वि. सम्माननीय प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला समेत (२०५१ सालको रिट नं. २३०४), अधिवक्ता रबिराज भण्डारी समेत वि. सम्माननीय प्रधानमन्त्री मनमोहन अधिकारी समेत (२०५२ सालको रिट नं. ३१०५), अधिवक्ता श्यामकुमार खत्री समेत वि. सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवा समेत (२०५९ सालको रिट नं. ३५४२) भएका निवेदनहरुमा विघटन सम्बन्धी विवाद अदालतबाट न्यायनिरुपण योग्य संवैधानिक एवं कानूनी प्रश्नको रुपमा स्विकार गरी सकिएको समेत कारणबाट प्रस्तुत विवादको प्रश्न यस इजलासको अधिकारक्षेत्र भित्र नै रहेको देखियो ।

(२) संसदीय प्रणालीका आधारभूत मर्म एवं मुल्य मान्यता र सो प्रणाली अवलम्बन गर्ने विभिन्न मुलुकको अभ्यासलाई आधार लिई प्रतिनिधि सभा विघटन गर्नु संविधान सम्मत हुने हो वा होइन भन्ने दोश्रो प्रश्नतर्फ बिचार गर्दा संविधानको धारा ७४ ले नेपालको शासकीय स्वरुप संसदीय शासन प्रणालीमा आधारित भएकोबाटै प्रधानमन्त्रीलाई विघटनको अन्तर्निहित अधिकार रहेको भन्ने प्रत्यर्थी सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको लिखितजवाफ रहेको छ । उक्त धारा ७४ ले नेपालको शासकीय स्वरुप परम्परागत् संसदीय शासन प्रणालीमा मात्र सिमित नराखी बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने भन्ने उल्लेख गरेवाट ती शब्दावलीहरुलाई सम्पूर्णतामा हेर्नु पर्ने हुन्छ । फेरी यो धारा आफैमा कार्यात्मक धारा भन्ने देखिदैन । संविधानको प्रस्तावनाको प्रारम्भ मै 'हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता' भन्ने वाक्यांशबाट शुरु भई धारा २ मा नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहीत रहेको र यस्को प्रयोग यस संविधानमा व्यवस्था भए बमोजिम हुनेछ" भन्ने उल्लेखन, धारा ८४ मा प्रतिनिधि सभा र धारा ८६ मा राष्ट्रिय सभाको गठनका सन्दर्भमा गरिएका निर्वाचन र मनोनयन प्रणाली. मतदान, उम्मेदवारी र सहभागीता समेतलाई समष्टिमा हेर्दा यो संविधान परम्परागत संसदीय प्रणालीको प्रतिबिम्ब नभई संविधानसभाहरुको लामो प्रयत्न पश्चात आएको दस्तावेज हो। त्यसै गरी धारा ७६ मा मन्त्रिपरिषदको संख्या वा कायम गरिनु पर्ने समावेसिताको सिद्धान्त, धारा ७६ को उपधारा (५) मा प्रतिनिधि सभाको कुनै सदस्य पनि प्रधानमन्त्री नियुक्त हुन सक्ने व्यवस्था, धारा १०० को उपधारा (४) को प्रतिवन्धात्मक वाकमाँशमा उल्लिखित अविश्वासको प्रस्ताव पेश गर्न नपाउने अवधि तथा धारा २९२ को संसदीय सुनुवाईको व्यवस्थाहरूलाई समग्रतामा हेर्दा हाम्रो शासकीय स्वरुप संसदीय प्रणाली हुँदा हुदै पनि आफ्नै अनुभवले खारिएको र आवश्यकताद्वारा अनुप्राणित विशिष्ट किसिमको छ । संसदीय प्रणालीका अन्तभूत विशेषताहरू भन्दा फरक ढङ्गको आफ्नै मौलिकताबाट श्रृजना गरिएका संवैधानिक व्यवस्थाहरूको संरचनाबाट अनुप्राणित रहेको हुँदा यस संविधानमा परम्परागत संसदीय शासन प्रणालीका सबै गुणहरू स्वतः समाहित छैनन्। यिनै कुराहरूको सन्दर्भ र सापेक्षतामा यो संविधानले अङ्गिकार गरेको दर्शनलाई मनन् गर्दै संसदीय शासन प्रणालीका परम्परागत मुल्य मान्यता तथा अभ्यासको कुरालाई हेरिनु वाञ्छनिय हुन्छ । परम्परागत संसदीय प्रणाली अपनाएका मुलुकहरूमा पनि संसद विघटन गर्ने कार्यलाई निरुत्साहित गर्ने तर्फ तथा उत्तरदायी सिमित सरकारको अवधारणा तर्फ उन्मुख हुँदै गएको पाइन्छ ।

साविक नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३(४) को प्रावधान अनुसार विगतमा भएका प्रतिनिधि सभा विघटन गर्ने सम्बन्धी अभ्यासहरुबाट सिकिएका पाठहरु समेत मनन् गर्दै वर्तमान संविधानका निर्माताहरूले प्रतिनिधि सभा विघटन सम्बन्धी व्यवस्थालाई संविधानमा निशर्त रूपमा खुला छोडेको पाइदैन । संविधानमा रहेका सीमा बन्देज अनुसारको कारण आइपरेको अवस्थामा वाहेक संसदीय प्रणालीको आधारभूत मुल्य, मान्यता तथा अभ्यासको आधार ग्रहण गरी अन्य विकल्प हुँदा हुँदै कसैको इच्छा वा आत्मनिष्ठरुपमा देखेको आवश्यक्ताका आधारमा आवधिक चुनाव बाहेकको अवस्थामा जनतालाई समेत आर्थिक दायित्व पर्ने गरी प्रतिनिधि सभा विघटन गरिनु संविधानको मर्म र उद्देश्य नहुँदा त्यस्तो कार्य संविधान सम्मत हुँदैन ।

(३) नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ वमोजिम प्रतिनिधि सभा विघटन गर्नु संविधान अनुकुल छ वा छैन भन्ने तेश्रो प्रश्नका सम्बन्धमा विचार गर्दा सर्वप्रथम संविधानमा रहेका प्रावधानहरुको व्याख्या कसरी हुन्छ भन्ने संवैधानिक व्यवस्था तर्फ विचार गर्नु आवश्यक छ । संवैधानिक व्याख्याको सम्बन्धमा फरक फरक प्रकृतिका अवधारणा, सिद्धान्त तथा विज्ञहरुको राय रहेको अवस्थामा सर्वप्रथम आफ्नै संवैधानिक र कानूनी व्यवस्थाको विवेचना गर्नु आवस्यक हुन्छ । संविधानले व्याख्याको आवस्यकता पर्न सक्ने परिकल्पना गरेकै कारण धारा ३०६ को उपधारा (२) मा "विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरुको अधीनमा रही कानूनको व्याख्या सम्बन्धी कानूनी व्यवस्था नेपाल कानूनको व्याख्यामा लागू भए सरह यस संविधानको व्याख्यामा पनि लागू हुनेछ" भन्ने उल्लेखनवाट कानून व्याख्या सम्बन्धी प्रचलित कानून तथा यस अदालतबाट विभिन्न समयमा कानूनको व्याख्या सम्बन्धमा कायम भएका नजीरहरुको आधारमा संवैधानिक व्यवस्थाको पनि व्याख्या हुनपर्ने प्रष्ट छ । यस परिप्रेक्षबाट संविधानको धारा ७६ को उपधारा (१),(२),(३) र १५) लाई दृष्टिगत गर्दा प्रतिनिधि सभा निर्वाचनको परिणाम घोषणा पछि प्रधानमन्त्री नियुक्ती सम्बन्धमा पहिलो चरणमा बहुमत प्राप्त संसदीय दलको नेता स्वतः नै सम्माननीय राष्ट्रपतिबाट प्रधानमन्त्री नियुक्त हुने सम्बन्धमा दुविधा देखिदैन। सार्वभौमसत्तासम्पन्न जनता समक्ष आफू जनताको प्रतिनिधित्व गर्दै सरकार बनाउने प्रतिवद्धता साथ चुनावमा भाग लिई जनप्रतिनिधीको रुपमा चुनिएर जाँदा त्यस्ता जनप्रतिनिधिहरुको दलले संसदमा बहुमत प्राप्त गरेको अवस्थामा त्यस्तो बहुमत प्राप्त संसदीय दलको नेतासंग सरकार बनाउने र राज्य संचालन गर्ने बाहेक अन्य कुनै संवैधानिक विकल्प नै रहदैन । चुनावमा जनताबाट बहुमत प्राप्त गरेपछि संसदीय दलको नेता चयन गरी प्रधानमन्त्री दिनु, त्यस्तो संसदीय दल र दलका प्रत्येक निर्वाचित जनप्रतिनिधिको संवैधानिक कर्तव्य नै हुन जान्छ भने संसदीय दलको नेताको हैसियतले नियुक्त भएका प्रधानमन्त्री तथा मन्त्रिपरिषद संसदप्रति उत्तरदायी भई तथा राज्य संचालन गर्नु संवैधानिक नैतिकताको विषय पनि हो । त्यस प्रकारको अवस्था नभई प्रतिनिधि सभामा कुनै दलको स्पष्ट बहुमत नरहेको अवस्थामा अर्थात दोस्रो चरणमा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई सम्माननीय राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नु पर्ने हुन्छ। यसरी पनि प्रधानमन्त्री नियुक्त हुने अवस्था नभएमा वा नियुक्त भएका प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा तेस्रो चरणमा राष्ट्रपतिले प्रतिनिधि सभामा सवै भन्दा वढी सदस्यहरू भएका दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ। यसरी नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा चौथो चरणमा प्रतिनिधि सभाका कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्रीमा नियुक्त गर्नुपर्ने हुन्छ । यसरी क्रमवद्ध रुपमा धारा ७६ को उपधारा (२),(३र (५) का विकल्पहरु हेर्दै जाँदा दुई वा सो भन्दा बढी दलहरु बीच एकिकरण भई धारा ७६ को उपधारा (१) को प्रयोजनार्थ संसदभित्र बहुमतप्राप्त भएको देखिने दल सिर्जना भएमा वा पछिल्लो चरणमा दुई वा सो भन्दा बढी दलहरुबाट सरकार गठन हुन सक्ने नयाँ समिकरण सिर्जना भएमा पनि त्यस्तो सरकार बनाउने विकल्प प्रतिनिधीसभा भित्रै खोज्नु पर्ने उक्त धारा ७६ को समष्टिगत उद्देश्य र मनशाय रहेको देखिन्छ ।

उक्त धारा ७६ को उपधारा (१),(२),(३) र (५) को समग्र बनोटलाई हेर्दा प्रधानमन्त्री नियुक्तिमा एक पछि अर्को प्रक्रिया अभ्यासगत रुपमा प्रतिनिधि सभा भित्र क्रियान्वयन हुदै गई प्रधानमन्त्री नियुक्त हुन नसकेको वा विश्वासको मत प्राप्त गर्न नसकेको अवस्था सिर्जना भएमा त्यस्तो वाध्यात्मक अवस्थामा मात्र धारा ७६ को उपधारा (७) बमोजिम तत्काल वहाल रहेका प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभा विघटन हुने संवैधानिक व्यवस्था रहेको देखिन्छ । यस बाहेक प्रतिनिधि सभामा कुनै दलको बहुमत रहेको र धारा ७६ को उपधारा (१) बमोजिमको सरकार बन्न सक्ने टडकारो अवस्थामा धारा ७६ को उपधारा (७) वमोजिम प्रतिनिधि सभा विघटन हुन सक्छ वा सक्दैन भन्ने पनि प्रश्न पनि सृजना हुन सक्छ । प्रतिनिधि सभामा बहुमत प्राप्त दलले आफ्नो नेताको चुनाव गर्छ र स्वतः नै नीजलाई राष्ट्रपतिवाट प्रधानमन्त्री नियुक्त गरिन्छ भन्ने विश्वास गर्नु सामान्य समझको कुरा हो ।

प्रस्तुत विवादमा प्रकट भएका वस्तुतथ्य सन्दर्भमा हेर्दा चुनाव पश्चात शुरुमा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिको कार्यालयको मिति २०७४।३।३ को नेपाल राजपत्रमा प्रकाशित सूचना वमोजिम नेपालको संविधानको धारा ७६ को उपधारा (२) अनुसारको सरकार गठन गर्न प्रधानमन्त्री नियुक्त गरिएको देखिए तापनि मिति २०७५।२।३ मा दुई पार्टी एकिकरण भई मिति २०७५।२।५ मा सम्माननीय प्रधानमन्त्री संयुक्त संसदीय दलको नेता चुनिनु भएपछि उहाँको हैसियत धारा ७६ को उपधारा (१) बमोजिमको बहुमत प्राप्त प्रधानमन्त्रीको रुपमा परिवर्तन भएको तथ्यगत् रूपमा देखिएको छ। निवेदकहरुले उहाँको हैसियत धारा ७६ को उपधारा (१) बमोजिमको प्रधानमन्त्रीको रूपमा परिवर्तन भएको बारे नेपाल राजपत्रमा सूचना प्रकाशित नभएको भन्ने प्रश्न उठाएपनि प्रस्तुत विवादमा सम्माननीय प्रधानमन्त्रीलाई आफ्नै सत्तारुढ दलका केही सदस्यहरुले असहयोग गरेको कारण प्रतिनिधि सभा विघटन गर्नु परेको भन्ने उहांको लिखितजवाफमा रहेको र विघटनको सिफारिस गर्दा प्रतिनिधि सभामा बहमत प्राप्त संसदीय दलको नेताको हैसियत कायमै रहेको अवस्था हुँदा त्यसतर्फ प्रवेश गर्नु भन्दा धारा ७६ को उपधारा (१) बमोजिम हैसियत राख्ने प्रधानमन्त्रीलाई धारा ७६ को उपधारा (७) वमोजिम प्रतिनिधि सभा विघटन गर्ने अधिकार रहे नरहेको तर्फ नै केन्द्रित हुनु आवस्यक देखियो। जनताले चुनाव मार्फत संसद दिन्छ, संसदले नै सरकार दिन्छ भन्ने मान्यतामा संसदीय व्यवस्था चलेको हुन्छ। संविधान निर्माताले आफ्नै देशका विगतका संबैधानिक अभ्यासहरु समेतलाई मध्यनजर राखि संसदले सरकार दिन सक्ने अवस्था र विकल्प कायम रहेसम्म प्रतिनिधि सभामा बहुमत कायम रहेको संसदीय दलको नेतालाई नेपालको संविधानले धारा ७६ को उपधारा (७) मा उल्लिखित प्रावधानहरूको अभ्यास गर्नु पर्ने अवस्थाको परिकल्पना गरेको देखिदैन ।

अर्कोतर्फ, प्रतिनिधि सभाको कार्यकाल सम्बन्धमा संविधानको धारा ८५ को उपधारा (१) मा "यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुने छ भन्ने व्यवस्था रहेको र उक्त धारा ८५ को उपधारा (१) को सन्दर्भ धारा ७६ को उपधारा (७) मा मात्र सिमित नगरी "यस संविधान बमोजिम" भन्ने शब्दावली परेको कारण धारा ७४ मा उल्लिखित संसदीय शासन प्रणालीको आधारभूत मूल्य र मान्यता बमोजिम सम्माननीय प्रधानमन्त्रीलाई संसद विघटनको असिमित अधिकार रहेकोले प्रतिनिधि सभा विघटनको लागि धारा ८५ र ७४ आफैमा क्रियाशील धारा भएको भन्ने जिकीरहरु तर्फ समेत विवेचना गर्नु पर्ने देखिन्छ । माथी उल्लेख भए बमोजिम यो संविधान परम्परागत संसदीय प्रणालीको प्रतिविम्ब नभई विगतका अनुभवहरुलाई समेत मध्यनजर गर्दै संविधानसभाहरुको लामो प्रयत्न पश्चात सहमतिय आधारवाट अन्तिमता प्रदान भएको दस्तावेज रहेको र संवैधानिक सर्वोच्चतालाई अंगिकार गरेको सम्बन्धमा विवाद नहुँदा प्रतिनिधि सभा विघटनका सम्बन्धमा संविधानमा शाब्दिकरुपमा व्यक्त अवस्था परिस्थिति र अधिकार वाहेक अब्यक्त अधिकार पनि रहेको भन्ने दावी स्विकारयोग्य देखिदैन । संसदले प्रधानमन्त्री दिने र संसदले दिएको प्रधानमन्त्री सोही संसदप्रति उत्तरदायी हुने व्यवस्था धारा ७६ मा रहेवाट सिमित सरकारको अवधारणा अंगिकार गरेको यस संविधानले प्रतिनिधि सभा विघटनको केही पूर्वावस्थालाई लिखित रुपमा राखेको र अन्य अवधारणागत् अधिकारलाई मौन वा सुषुप्त रुपमा क्रियाशील राखेको अनुमान गर्न सकिदैन। त्यसैले धारा ८५(१) मा "यस संविधान वमोजिम अगावै विघटन भएकोमा बाहेक' भन्ने वाक्याँशले प्रतिनिधि सभा निर्वाचन पश्चात धारा ७६ को उपधारा (१), (२) (३) र (५) बमोजिम प्रधानमन्त्री नियुक्त हुन नसकेपछि वा नियुक्त भएका प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेपछि प्रतिनिधि सभाका अरु कुनै सदस्य प्रधानमन्त्री नियुक्त हुने विकल्प समाप्त भएपश्चात धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन हुने संवैधानिक प्रावधान रहेको भन्ने अर्थमा नै वुझाउछ। प्रतिनिधि सभाको कार्यकाल निर्धारण गर्ने प्रयोजनार्थ रहेको धारा ८५ को उपधारा (१) प्रतिनिधि सभा विघटन गर्न अधिकार सजना गर्ने स्वतन्त्र धाराको रुपमा रहेको भन्ने तर्क स्विकार गर्न सकिदैन। संविधानको धारा ७५ को उपधारा (१) मा नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानून वमोजिम मन्त्रिपरिषदमा निहित रहने र अधारा (२) मा यो संविधान र कानूनको अधीनमा रही नेपालको शासन सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषदमा हुने व्यवस्था रहेको छ । धारा

बाँकी पृष्ठ ६ मा

## दस्तावेज

## मधेश अपडेट

### 'समान अधिकारको प्रत्याभूति हुनुपर्छ'

जनकपुरधाम । प्रदेश २का मुख्यमन्त्री लालबाबु राउतले वर्तमान संविधानमा रहेका केही त्रुटिलाई सच्याएर सबै नागरिकलाई समान अधिकारको प्रत्याभूति गराउनुपर्ने बताएका छन् । ७१ औं प्रजातन्त्र दिवसको अवसरमा मधेश भवनमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले संविधानमा मतभेद रहेकै बेला देशमा अहिले सिर्जना भएको परिस्थितिले लोकतन्त्र, गणतन्त्र, सङ्घीयता लगायतका उपलब्धि प्राप्त गर्न बलिदान दिने योद्धाहरू र उनका परिवारहरू चिन्तित बनाएको बताए । मुख्यमन्त्री राउतले भने, 'यो मुलुक सबैका लागि हो, सबैले स्वतन्त्रताको अनुभूति गर्न पाउनुपर्छ ।' संसद् विघटनप्रति लक्षित गर्दै उनले भने, 'अहिले सबैको ध्यान सर्वोच्च अदालततिर रहेको छ ।' विशेष समारोह अघि प्रजातन्त्र दिवसको अवसरमा जनकपुरको जनक चोकबाट प्रभात फेरी निकालिएको थियो प्रदेश सरकारले नै गरेको प्रभात फेरिमा मन्त्रीहरू पनि थिएनन् । नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी मात्र प्रभात फेरीमा सहभागी भएका थिए ।

### वीरगन्जमा शहीदको शालिक अनावरण

वीरगन्ज । वीरगन्जमा मधेश आन्दोलनका शहीदहरुको शालिकको शनिबार अनावरण गरिएको छ । घण्टाघर चोक स्थित प्रहरी चौकीको छेउको खाली जग्गामा नवनिर्मित सहिद स्मारक परिसरमा निर्माण गरिएका मधेश आन्दोलनका ७ जना शहीदका शालिकको शनिबार अनावरण गरिएको हो । पर्साका प्रतिनिधिसभा सदस्य प्रदीप यादव र वीरगन्ज महानगरपालिकाका नगर प्रमुख विजय सरावगीले संयुक्त रुपमा शालीकको अनावरण गरेका हुन् । सांसद यादवको संसदीय कोषको २८ लाख र वीरगन्ज महानगरपालिकाको १० लाख गरी कुल ३८ लाख रुपैयाँको लागतमा सहिद स्मारकका साथै ७ जना सहिदको शालीक निर्माण गरिएको हो । नवनिर्मित सहिद स्मारक परिसरमा, २०७२ सालको मधेस आन्दोलनका क्रममा वीरगन्जमा भएको प्रदर्शनमा प्रहरीको गोली लागेर ज्यान गुमाएका सहिद धर्मराज सिंह, दिलिप चौरसिया, सोहन साह कलवार, भोलाप्रसाद तेली, दिनानाथ साह गोढ, शत्रुधन पटेल र आशीष राम गरी ७ जना सहिदको शालीक निर्माण गरिएको हो । जनता समाजवादी पार्टी पर्साले आयोजना गरेको शालीक अनावरण कार्यक्रममा सहिदका परिवारलाई सम्मान पनि गरिएको थियो । शालीक अनावरण कार्यक्रमलाई सम्बोधन गर्दै सांसद प्रदीप यादवले मधेसी सहिदकै बलिदानीको जगमा मुलुकमा संघीयता, समावेशिता जस्ता राजनीतिक उपलब्धी हासिल भएको बताए । सहिद स्मारकमा छुटेका अन्य ३ जना सहिदको शालीक पनि छिट्टै निर्माण गरिने प्रतिबद्धता पनि उनले जनाए ।

### सुविधाको रकमबाट मन्दिरको स्थापना

नेपालगन्ज । बाँकेको राप्तिसोनारी गाउँपालिका वडा नम्बर दुइका जनप्रतिनिधि ज्ञानेन्द्र राज ओलीले आफुले प्राप्त गर्ने सुबिधाको रकमबाट गाउँमा सरस्वती मन्दिरको स्थापना गरेका छन् । गत बर्षको सरस्वती पुजाको दिन सिलन्यास गरिएको सरस्वती मन्दिरको मंगलबार बिधिवत रुपमा ओलीले उद्घाटन गरेका छन् । राप्तिसोनारी गाउँपालिका वडा नम्बर दुइका निर्वाचित सदस्य समेत रहेका बाँकेका युवा नेता ज्ञानेन्द्र ओलीले मन्दिर निर्माणका लागी दुई लाख २८ हजार रुपैयाँ सहयोग गरेका छन्। राप्तिसोनारी गाउँपालिका वडा नम्बर दुई शम्सेरगन्जमा रहेको श्री दुर्गा भवानी माध्यमिक विद्यालय परिसरमा रहेको उक्त सरस्वती मन्दिरको उद्घाटन गर्दै ओली आफुले मन्दिर स्थापना जस्तो पवित्र कार्य गर्न पाउँदा खुसी महसुस गरेको बताएका छन्। बाँके जिल्लामा सहयोगी र युवाहरुको लागि प्रेरणा बन्न सफल जनप्रतिनिधिको रुपमा आफ्नो छबि बनाएका ओलीले कोरोना कहरका बेला आफ्नो वडा भरी नै मास्क, साबुन तथा राहत आवश्यक परेको घरपरिवारको लागि राहतको समेत ब्यवस्था गरेका थिए ।

### विद्यार्थीले गरे विद्यालयमा तालाबन्दी

लहान । शिक्षकलाई तलब उपलब्ध गराउन माग गर्दै विद्यार्थीले सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका-५ खरुक्याहीस्थित जनता माध्यमिक विद्यालयमा तालाबन्दी गरेका छन् । तालाबन्दीका कारण पठनपाठन प्रभावित भएको छ । विगत एक वर्षदेखि आफ्ना शिक्षकले तलब नपाउँदा समस्यामा परेको भन्दै विद्यार्थीले आफ्नै विद्यालय र वडा कार्यालयमा तालाबन्दी गरेका हुन् । निजी स्रोतमा कार्यरत विद्यालयका चार शिक्षकले गत चैत महिनादेखि तलब सुविधा नपाएको भन्दै शिक्षकले पठनपाठन बन्द गरेपछि विद्यार्थीले पनि शिक्षकको समर्थनमा तालाबन्दी गरेको कक्षा १० मा अध्ययनरत अन्सु यादवले जानकारी दिए । कोभिड-१९ का कारण गरिएको लकडाउनपछि विद्यालय खुले पनि तलब नपाएको भन्दै शिक्षकले पठनपाठन नगराउँदा आफूहरुको पठनपाठन प्रभावित भएको विद्यार्थीले बताएका छन् । विद्यार्थीले आफ्ना शिक्षकलाई तत्काल तलब उपलब्ध नगराए गाउँपालिका कार्यालयमै तालाबन्दी गर्ने चेतावनीसमेत दिएका छन् । तालाबन्दीका कारण विगत तीन दिनदेखि विद्यालयको पठनपाठन अवरुद्ध भएको छ । विद्यालयले लामो समयसम्म तलब नखुवाउँदा घरखर्चसमेत चलाउनै समस्या भएको विद्यालयमा निजी स्रोतबाट कार्यरत शिक्षक शिवनारायण यादवले बताउए । यता विद्यालयका निमित्त प्रधानाध्यापक अरुणकुमार यादवले शिक्षकको तलबका विषयमा गाउँपालिकालाई पटकपटक लिखित अनुरोध गर्दा पनि कुनै सम्बोधन नभएका गुनासो गरे । लक्ष्मीपुर पतारी-५ का वडाध्यक्ष महेन्द्र साहले शिक्षकलाई तलब खुवाउने विषयमा गाउँपालिकासँग समन्वय भइरहेको र चाँडै शिक्षकलाई तलब खुवाउने बताए । कक्षा १ देखि १० सम्म पठनपाठन हुने सो विद्यालयमा ८०० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।

### ढुक्क हुने अवस्था छैन : पौडेल

जनकपुरधाम । नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले लोकतन्त्रको पहरेदार काँग्रेस भएको बताएका छन् । नेपाली काँग्रेस धनुषाको जिल्ला स्तरीय कार्यकर्ता भेलालाई सम्बोधन गर्दै काँग्रेस वरिष्ठ नेता पौडेलले सबै जनताले नेपाली काँग्रेसलाई भरोसा गरेको बताए ।वरिष्ठ नेता पौडेलले भने,'नेपाली काँग्रेस लोकतन्त्रको पहरेदार हो । सबै पक्षका जनताको, उत्प्रेरित वर्गको पनि संरक्षक नेपाली काँग्रेस हो ।' संसद पुनर्स्थापना भए पनि ढुक्क हुने अवस्था नरहेको वरिष्ठ नेता पौडेलले बताए । वरिष्ठ नेता पौडेलले भने,'नेपालमा अहिले आन्तरिक र बाहिरी चलखेल भई रहेका छन् । भोलि के हुन्छ भन्न सकिन्न। राजनैतिक अस्थिरता देशमा छ, काँग्रेस पार्टीले त्यसलाई चिर्नुपर्नेछ ।' काँग्रेसको विषयमा कसैले गलत प्रचारबाजी गरेका कारण काँग्रेसले दुख भोग्नुपरेको बताए । उनले जनता माझ गएर दुख सुख बारेमा बुझ्न पार्टीका नेता कार्यकर्तालाई आग्रह गरे । उनले जनताको सूचना र सम्पर्कमा रहन पनि आग्रह गरे। 'जनताको सम्पर्कमा हामी रह्यौं भने हाम्रो सङ्गठन बलियो हुनेछ ।'

### हिन्दूहरूको जनसंख्या कम गर्ने चलखेल

वीरगन्ज । हिन्दू परिषद् नेपालका केन्द्रीय अध्यक्ष संतोष पटेलले जनगणनाको नाममा नेपालमा रहेका हिन्दूहरुको जनसंख्या कम गर्न षड्यन्त्र भइरहेको बताएका छन् । उनले सामाजिक संजाल मार्फ़त सम्पूर्ण नेपाली दाजुभाई र दिदिबहिनी सजक र सचेत रहन आग्रह एवं अनुरोध गरेका छन् । पटेलले भने ९४% सनातन धर्म मानिने ओमकार परिवार भएको हाम्रो देश नेपाल हो । १० वर्षमा हुने जनगणना आउदो जेष्ठमा गर्ने तैयारी नेपाल सरकारले गरेको छ। जनगणनामा हाम्रो जनसंख्या कम गर्न तीब्र चलखेल हुदैछ । सचेत र सजक हुन सम्पूर्ण हिन्दू समाज संग अनुरोध गरेका छन् । नेपाल सरकारको केन्द्रीय तथ्याङ्क विभागले प्रत्येक दश वर्षमा गर्ने राष्ट्रिय जनगणनाको बाह्रौं शृंखला २०७८ जेष्ठ २२ देखि असार ८ गतेसम्म सञ्चालन हुदैछ । उक्त जनगणनाका लागि तयार पारिएको फारममा धर्म जनाउने बुदाँहरुमा 'प्रकृति पूजक' एवं 'अन्य' शिर्षक भएको बुदाँ समेत समावेश गरिएकोमा गम्भीर ध्यानार्षण भएको पटेलले बताएका थिए । 'आउँदो जनगणनामा हिन्दूहरुको संख्या न्युन देखाउने उद्देश्यले पश्चिमा एवं हिन्दू विरोधी तत्वहरुको योजनाबद्ध षडयन्त्र अन्तर्गत जनगणना फारम तयार पारिएको तथ्य प्रष्टै देखिएको छ । यस सन्दर्भमा समय मै सचेत हुन आवश्यक भएको हुनाले जनगणनाको बेला चनाखो रहन पटेलले सम्पूर्ण हिन्दू समाज संग अनुरोघ गरेका छन् । विश्वमा सनातन धर्मको उदगम स्थल हो नेपाल।देव् भूमि,तपो भूमि, योग भुमि, सुन्दर र शान्ति भुमि, प्राकृतिक सौन्दर्यको धनी भुमि,शालिग्राम भगवानको पावन भुमि,जल र जड़ीबूटीको उद्गम सँगै आराध्य देव भगवान पशुपतिनाथ, मां सीता जन्मस्थल,भगवान गौतम बुद्ध,बलिको लागी विश्व प्रसिद्ध श्री गढ़िमाई, सागरमाथा सहित अन्य थुप्रै थारोहरहरु रहेको देश हो हाम्रो नेपाल पटेलले भने ।

# स्वाधीन मधेश जनअभियानको प्रस्ताव



**कैलाश महतो**

मधेश राष्ट्रको मुक्ति अभियान, मधेशी जनको छ आव्हान ।

चुनावको लागि चुनाव होइन, निकासको लागि निर्वाचन होस् ।

केही सकारात्मक र नकारात्मक कारणवश मुगल र अंग्रेज दुवैको गुलाम बन्नबाट सुरक्षित रहेको नेपाल र नेपाली आफ्नै राष्ट्रिय दुश्कर्म र राजनीतिक अदूरदर्शिताका कारण आन्तरिक र बाह्य दुइटै रुपमा गुलाम बन्न बाध्य रहेको छ । न त नेपाल स्वतंत्र राष्ट्रको हैसियतमा राष्ट्रिय राजनीतिलाई संरक्षित गर्न सकेको छ, न यसले आफ्नो जनतालाई स्वतंत्रताको आभाष दिलाउन सकेको छ ।

विभिन्न अन्तराष्ट्रिय सन्धि र सम्झौताहरु, र खास गरी नेपाल र तत्कालिन इष्ट इण्डिया कम्पनीको ब्रिटिश सरकारबीच सम्पन्न सन् १८१६ र १८६० को सम्झौताले नेपालभित्र मधेशी जनतालाई स्वतन्त्र देशको गुलाम रैती बनाएको कुरा राज्य समेतले प्रमाणित गरेको छ । मधेश भौगोलिक रुपले अपहेलित एकातिर छ भने अर्कोतिर मधेशी जनतालाई समान्य नागरिक हक र अधिकारबाट समेत वञ्चित राख्ने राज्यका अनेक प्रपञ्च र जालझेल रहेका छन् ।

शाह, राणा, पञ्चायत र पञ्चबाट शुरु भएका छलछाम, कपट, दुर्व्यवहार, अपमान, दोहन र तिरस्कारबाट प्रताड़ित मधेश र मधेशी आजको लोकतान्त्रिक व्यवस्था समेतमा गोर्खा शासन झैं आजको वैज्ञानिक नेपाली राजनीतिक प्रणालीमा समेत अपहेलित, पीड़ित र प्रताड़ित रहेका छन् । त्यो पनि राज्य र उसको तिकडमबाजी फट्याईबाट ।

नेपालको हरेक परिवर्तन कालमा मधेशको निर्णायक भूमिका रहेको इतिहासलाई राज्य र राज्य सञ्चालकले बुझेर पनि बुझ पचाउने नियतलाई राष्ट्रवाद भन्ने मानसिकतालाई त्याग्न नसक्ने हो भने नेपालको शासन मात्र २१औं शताब्दीमा गएको छैन, मधेश समेत सोही शताब्दीलाई देखिरहेको कुरा राज्य र शासकले बुझ्न जरुरी छ । राज्यले मधेशको राजनीति, अर्थनीति, समाजनीति, भाषानीति, शिक्षानीति, मेलमिलापनीति जस्ता आधारभूत स्तम्भ र धरातलहरुलाई योजनाबद्ध ढंगले तहसनहस गरेको कुरालाई मधेशले राम्ररी बुझेको छ ।

मधेशको राजनीतिक विखराव, आर्थिक अभाव, आपसी टकराव, सामाजिक र जातीय भटकाव, अवसरीय दुराभावलाई राज्यले आफ्नो शक्तिको खेल यसरी नै मानिरहने हो भने सम्पूर्ण नीतिका भण्डार र वेदनीतिका जन्मदाता रहेका विद्वान् र विद्वत् मधेशी आफ्ना पूर्खाहरुको गरिमा र राजनैतिक तथा सामाजिक आर्थिक धरोहरहरुलाई मधेशले त्यसै अस्तित्वहीन हुन नदिने कुराको राज्यले हेक्का राख्नु बुद्धिमानी हुनेछ ।

राजनीतिले सबै नीतिहरुसंग सम्बन्ध राख्दछ । राजनीतिमा इमान र धर्म नीति, समानभाव र सदाचार नीति, प्रेम र सहयोग नीति, समानता र समभाव नीति रहेन भने राज्य र राष्ट्रले अकल्पनीय संकट र दुर्घटनाहरुको जन्म दिन्छ । राज्य र राष्ट्र कोही एकले बनाएको हुंदैन । त्यो सबैले सबैसंग मिलेर बनाएको हुन्छ । तर जब राज्यले आफ्ना नागरिकसंग फरक फरक दोहोरो चरित्र प्रदर्शन गर्दछ, स्वाभावत: त्यस्तो राज्य असफल हुन जान्छ र त्यसपछिका परिणामहरु अकल्पनीय हुन्छन् ।

मधेशले सशक्त मधेश चाहेको छ, मजबूत देश मागेको छ । मधेशले सम्मान र पहिचान खोजेको छ, देशले विश्वमा प्रतिष्ठा र उच्च स्थान खोजेको छ । मधेशले समानता र स्वाधीनता खोजेको छ, देशले आफ्नो महानता र सम्पन्नता चाहेको छ । मधेशले देशमा समानुपातिक सहभागिता खोजेको छ, देशले सबैको आवश्यकता खोजेको छ ।

भ्रष्टाचार, जातिवाद, नश्लवाद र अहंकारवादको पराकाष्ठामा पालिएका जात, सम्प्रदाय, समुदाय र परिवारहरुको आवश्यक राजनीतिक, आर्थिक, जातीय र साम्प्रदायिक सर्जरी गरी देश, मधेश र देशका अन्य सम्पूर्ण वर्ग र समुदायमैत्री राज्य प्रणाली स्थापना गरी देशको समष्टिगत विकासको लागि राज्यले तलका निम्न बूंदाहरुलाई पालना गर्नुपर्ने स्वाधीन मधेश जन-अभियानको प्रस्ताव सहितको माग रहेका छन् :-

१. नेपालको मौजूदा निर्वाचन प्रणालीले देशमा राजनीतिक अस्थिरता, भ्रष्टाचार, अनियमितता, कमिशनखोरी र आर्थिक विसंगति निम्त्याएका र यस निर्वाचन प्रणालीले देशका हरेक वर्ग, तह र तप्काका योग्य राजनीतिक जनशक्तिलाई समेट्न नसकेका कारण वर्तमान निर्वाचन प्रणालीलाई पूर्ण समानुपातिक निर्वाचन पद्धति बनाइनु पर्ने,

२. तत्कालिन मधेशी जनाधिकार फोरम र नेपाल सरकारबीच सम्पन्न २०६४ भाद्र १३ गतेको २२ र सोही वर्ष फाल्गुन १६ गतेका दिन तत्कालिन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र आठ दलीय संयुक्त सरकारका सम्माननीय प्रधानमंत्री स्व. गिरिजा प्रसाद कोइरालाबीच भएको सम्झौता अनुसार मधेश " स्वायत्त मधेश प्रदेश" बनाइनु पर्ने ।

३. सोही सम्झौताको बूंदा न. २ र ४ मा उल्लेख भए बमोजिम मधेश एक स्वायत्त प्रान्त हुने र जनसंख्याको अनुपातमा मधेशी लगायत देशका सम्पूर्ण वर्ग र समुदायले राज्यको हरेक अङ्ग र निकायमा समानुपातिक प्रतिनिधित्व गर्न पाउने सहमतिलाई पूर्णत: व्यवहारिक रुपमा कार्यान्वयन गर्नु पर्ने ।४. चुनावलाई केवल सरकार र सत्ता निर्माणको लागि हैन कि देशभित्रका समस्त राजनीतिक, सामाजिक, आर्थिक, भाषिक, क्षेत्रिय र प्रदेशिय समस्याहरु समाधानका लागि गर्न/गराउनु पर्ने ।

५. काठमाण्डौ र मधेशबीच समानतामा आधारित राजनीतिक, आर्थिक, शासकीय, प्रशासनिक र सामरिक सम्बन्ध स्थापना हुनु पर्ने ।

६. मधेशको गरीब, दलित, जनजाति, किसान, मजदूर, मुस्लिम, अल्पसंख्यक, महिला आदिमाथि श्रृंखलाबद्ध रुपमा हुने गरेका हत्या, अपहरण, बलात्कार, वहिष्करण, छुवाछुत र शारीरिक तथा मानसिक उत्पीड़न लगायतका सम्पूर्ण कुकृत्यहरु बन्द गरिनु पर्ने ।

७. राज्यको षड्यन्त्रमा मधेशको थारु, राजवंशी, सत्तार, धिमाल, कोचे, मेचे, ताजपुरिया, संथाल, उराव र गन्गाई जस्ता जाति, जनजाति र समुदायहरुको जब्त भूमि तिनीहरुका सम्बन्धित परिवारलाई स-सम्मान फिर्ता गरिनु पर्ने ।

८. भूमि सुधार नीतिका साथ साथै सम्पत्ति सुधार नीति लागू गरिनु पर्ने ।

९. सुकुम्वासी समस्या समाधान आयोगको सट्टा भूमिहीन समस्या समाधान आयोग गठन गरी मधेशी भूमिहीन समेतको लागि आवास तथा जीविकोपार्जन हेतु भूमिको उचित व्यवस्था हुनु पर्ने ।

१०. गैर कानुनी तथा अप्रमाणित अपराधका मुद्दाहरुमा बिना कसुर वर्षौंदेखि राज्यको हिरासतमा रहेका माननीय श्री रेशम चौधरी लगायत त्यस्ता अपराधका निर्दोष नेता, कार्यकर्ता र समाजसेवीलाई सकुशल रिहाई गरियोस् ।

११. समानता र समतामूलक समाज निर्माणको लागि समानतामा आधारित सरकार, सरकारी निकाय, संवैधानिक नियुक्ति, कूटनीतिक पहुँच, न्याय प्रणाली तथा मानव अधिकारको बहाली हुनु पर्ने ।

१२. तत्कालिन इष्ट इण्डिया कम्पनी सरकार र नेपाल सरकारबीच सम्पन्न सन् १८१६ को धारा ७, सन् १८६०, सन् १९२३ र स्वतंत्र भारत सरकार र नेपाल सरकारबीच सम्पन्न सन् १९५० तथा सोही वर्ष यूनाइटेड किंगडम र नेपाल सरकारबीच भएका सन्धि र सम्झौताहरुको अध्ययन, विश्लेषण र तिनीहरको कानुनी एवं न्यायिक प्रयोग तथा कार्यान्वयन हुनु पर्ने ।

१३. देशमाथि थुपारिएका वैदेशिक ऋणहरुको समूचित अध्ययन गरी ऋणको लागि मात्रै ऋणको समस्या पैदा गर्नेमाथि कानुनी कार्यवाही गरिनु पर्ने ।

१४. मधेशको जल, जङ्गल र जमीन लगायत यसको पर्यावरण समेतको रक्षाको नीति अपनाइनु पर्ने ।

१५. ILO मा नेपालद्वारा गरिएको हस्ताक्षर र स्वीकारोक्ति अनुसार मधेशका जल, जङ्गल र जमीनमाथि मधेशीको अग्राधिकार कायम गरिनु पर्ने ।

१६. राजनीति सेवा हो, पेशा होइन भन्ने यथार्थतालाई कायम गर्न यसलाई पेशामुक्त गरिनु पर्ने ।

१७. राजनीतिको लागि शिक्षाको मापदण्ड निश्चित गरिनु पर्ने ।

१८. राजनीति गर्नको लागि उमेर हद ६५ वर्ष तोकिनु पर्ने ।

१९. संवैधानिक र राजनीतिक सर्वोच्च पदको लागि दुई कार्यकाल मात्रको संवैधानिक, राजनीतिक र कानुनी मापदण्ड निर्धारण गरिनु पर्ने ।

२०. राजनीतिलाई स्पष्ट, सेवामुखी र जनमैत्री बनाउन उद्योगी, व्यापारी, तस्कर, गुण्डा, मवाली, डन, डकैत, ठेकेदार र उनका खास नातेदारलाई राजनीतिबाट टाढा राख्ने प्रावधान अपनाइनु पर्ने ।

२१. राजनीतिक पद र जन निर्वाचित प्रतिनिधिले जनमैत्री कार्य गर्न नसके सो र त्यस्ता जनप्रतिनिधिलाई वापस बोलाउने Right to Call Back को कानुनी प्रावधान लागू गरिनु पर्ने ।

२२. जनताले नरुचाउने चुनाव र उम्मेदवारलाई अस्वीकार गर्न जनतालाई Right to Reject को अधिकार प्रत्याभूत गराइनु पर्ने ।

२३. कृषिलाई व्यवसायीकरण गरी हरेक घर एक रोजगार प्रणाली कायम गरिनु पर्ने ।

२४. सरकारद्वारा जनताको स्वास्थ्य, कृषि, रोजगार तथा घर बीमाको व्यवस्था अनिवार्य हुनु पर्ने ।

२५. देशभित्रै यूवा रोजगार वा स्वरोजगारको व्यवस्था हुनु पर्ने, र विदेशै जान चाहने यूवाका लागि उसले देशको पासपोर्टमा विदेश गए उसको जीवन बीमाको साथ साथै उसको सम्पूर्ण परिवारको जीवन बीमा सरकारी स्तरबाट हुनु पर्ने ।

२६. नागरिकता वितरणमा कडाई अपनाउँदै देशका सम्पूर्ण नागरिकतालाई जीपीएसमा राखी दोहोरो तेहरो नागरिकता प्राप्त नागरिकको नेपाली नागरिकता स्वत: समाप्त हुने संवैधानिक कानुन निर्माण गरिनु पर्ने ।

२७. देशको राजनीति गर्ने प्रत्येक तहका राजनीतिक नेता र उसको खास नातेदारले विदेशको कुनै पनि बैंकमा खाता खोल्न नपाउने कानुनी प्रावधान लागू गरिनु पर्ने ।

२८. वन जङ्गलको सुरक्षाको साथ साथै मधेशमा मधेशी बाहेक देशका अन्य ठाउंहरुबाट मधेशमा हुने बसाई सराईमाथि पूर्ण प्रतिबन्ध लगाइनु पर्ने ।

२९. राष्ट्रिय अन्तर्राष्ट्रिय शिक्षण संस्थान तथा विश्वविद्यालयबाट उत्पादित दक्ष जनशक्तिलाई देश विकासको काममा लगाउन उनीहरुलाई समस्त अन्यर्राष्ट्रिय मापदण्डको तलव, सेवा र सुविधा उपलब्ध गराइनु पर्ने ।

३०. विदेशी सरकार र विदेशी कम्पनीहरुका साथ गरिएका सम्पूर्ण राष्ट्र हित विपरीतका सन्धि, सहमति र सम्झौताहरुलाई निरस्त गरी राष्ट्रिय सम्पत्तिको जगेर्ना गरिनु पर्ने ।

३१. देशमा रहेका १२५ जात, जाति, वर्ग र समुदाय तथा भाषा-भाषीहरु रहेको सत्य तथ्यलाई हृदयंगम गरी संघीय संसदमा दश प्रतिशत सांसद, समाजको कुनै ठुलो समूहका दश प्रतिशत र अल्पसंख्यकहरुको सम्मिलित समूह समेतको दश प्रतिशत जनताले संविधानको कुनै धारा, उपधारा, अनुच्छेद वा प्रस्तावना समेतमा वा राष्ट्रिय कुनै विषयमाथि जनमत संग्रह गराई समस्या समाधानको बाटो रोजे जनताको सो मागलाई जनमत संग्रहमा लग्ने संवैधानिक, राजनीतिक र कानुनी व्यवस्था लागू गरिनु पर्ने ।

*(महतो स्वाधीन मधेश जनअभियानका संयोजक हुन् ।)*


# विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुर्‍याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### वीरगञ्ज-रक्सौल नाका खोल्न माग

वीरगञ्ज । वीरगञ्ज-रक्सौल नाका खोल्न माग गर्दै नेपाली कांग्रेस पर्साले प्रमुख जिल्ला अधिकारीमार्फत गृह मन्त्रालयलाई ज्ञापन पत्र बुझाएको छ । कांग्रेस पर्साका सभापति अजय द्विवेदीको नेतृत्वमा गएका नेता कार्यकर्ताहरुको टोलीले प्रमुख जिल्ला अधिकारी आस्मान तामाङमार्फत गृह मन्त्रालयलाई ज्ञापन पत्र बुझाएका हुन् । सरकारले कोभिड-१९ को महामारीको बेलामा बन्द भएका नाकाहरु खोली सहज रुपमा आवतजावतलाई व्यवस्थित गर्ने निर्णय गरेकोले वीरगञ्ज-रक्सौल नाका खुल्ला गर्नुपर्ने कांग्रेसको माग छ । नाका बन्द रहेको अवस्थामा यस भेगका जनता तथा उद्योगी व्यवसायी, पर्यटकहरुलाई आवतजावतमा समस्या परेकोले नाका खोल्नु पर्ने कांग्रेस पर्साले जनाएको छ ।

### निमित्त मालपोत प्रमुख घुससहित पक्राउ

बारा । बारा जिल्लाको सिमरामा रहेको मालपोत कार्यालयका निमित्त प्रमुख मनकक्मार खनाल ६ लाख घुससहित अख्तियारको नियन्त्रणमा परेका छन् । बाराको जितपुरमा रहेको जग्गा सर्जमिन मुचुल्का गरी पास गराउनका लागि भन्दै सेवाग्राहीसँग घुस मागेपछि नायब सुब्बा खनाल अख्तियारको नियन्त्रणमा पुगेका हुन् । जग्गा पास गर्ने प्रयोजनका लागि सेवाग्राहीसँग घुस मागेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काठमाडौंबाट गएको टोलीले खनालसहित लेखापढी व्यवसायी बद्री बडाललाई पक्राउ गरेको हो । उनीहरुलाई अमलेखगञ्जस्थित एक होटलबाट घुसवापतको रकम लिइसकेको अवस्थामा रङ्गेहात पक्राउ गरिएको हो ।

### फुलिका पुलको शिलान्यास

कपिलवस्तु । मायादेवी गाउँपालिका वडा नं.३ फुलिका अवस्थित मर्थी नदीको काठे पुललाई विस्थापित गर्न पक्की पुलको शिलान्यास प्रदेशसभा सदस्य विष्णु पन्थीले गरेका छन् । लुम्बिनी प्रदेश सरकारको ३ करोड ४६ लाख लागतमा निर्माण हुने उक्त पुलले कपिलवस्तुको सुद्धोधन गा.पा., वाणगंगा नगरपालिका तथा मायादेवी गा पा का आम जनतालाई सदरमुकाम तौलिहवासँग जोड्ने प्रमुख पुल बन्ने हुँदा स्थानीयहरु हर्षित भएका छन् । प्रदेश सभा सदस्य विष्णु पन्थीको प्रमुख आतिथ्यता तथा प्रदेश सभा सदस्य शुष्मा यादव तथा संविधानसभा सदस्य राम लौटन तिवारी, मायादेवी गाउँपालिकाका उपप्रमुख गीता तिवारीको आतिथ्यतामा तथा वडा अध्यक्ष शुकदेव प्रसाद तिवारीको अध्यक्षतामा सम्पन्न भएको छ। सो पुलले पूर्वी कपिलवस्तुको आन्तरिक आवागमनका लागि महत्वपूर्ण हुने कुरा सहभागीहरुको भनाई रहेको छ ।

### ट्रकको ठक्करबाट साइकलयात्रीको मृत्यु

रौतहट । वृन्दावन नगरपालिका-८ आकडपाथरस्थित सडकमा ना.६ ख ७२८२ नम्बरको ट्रकको ठक्करबाट साइकलयात्रीको मृत्यु भएको छ । सोही ठाउँ बस्ने १७ वर्षीय राधेश्याम पासवानको मंगलबार बिहान घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटना पश्चात स्थानीयको कुटपिटबाट घाईते भएका ट्रक चालक गुजरा नगरपालिका-९ बस्ने ४० वर्षीय राम बाबु चौधरीलाई उपचारको लागि गरुडास्थित हेल्थल्याण्ड अस्पताल पठाइएको छ ।

### लडेर सहचालकको मृत्यु

कैलाली । गौरीगंगा नगरपालिका-३ कुचैनिस्थित सडकमा रोकी राखेको ना.६ ख ४५३८ नम्बरको ट्रकबाट झर्ने क्रममा लडेर ट्रकका सहचालकको मृत्यु भएको छ। ट्रकका सहचालक बैतडी पाटन नगरपालिका बस्ने १८ बर्षीय शुसिल चन्दको मृत्यु भएको छ । लडेर गम्भीर घाइते भएका उनको सेती प्रादेशिक अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### हुण्डी कारोबारी पक्राउ

जनकपुरधाम ।धनुषामा दुईजना हुण्डी कारोबारी पक्राउ परेका छन् । धनुषाको सीमावर्ती क्षेत्र जटही नाकाबाट साढे २५ लाख रुपैयाँसहित दुईजना हुण्डी कारोबारी पक्राउ परेको धनुषाका प्रहरी उपरीक्षक प्रकाश रानाभाटले जानकारी दिए । पक्राउ पर्नेमा महोत्तरीको टेन्ट ब्यवसायी संजय साह र भारत पिपरौनका सुमित यादव रहेका छन् । गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटेको प्रहरी टोलीले साढे २५ लाख हुण्डी रकमसहित नेपालबाट भारततर्फ जाँदै गर्दा जटही नाकाबाट पक्राउ गरिएको प्रहरी उपरिक्षक रानाभाटले बताए ।

### खैरो हेरोइनसहित ६ जना पक्राउ

कैलाली । टिकापुर नगरपालिका-१ बाट करिब ११ ग्राम ६ सय ४० मिलिग्राम अवैध लागूऔषध खैरो हेरोइन सहित घोडाघोडी नगरपालिका-२ बस्ने २२ वर्षीय गोबिन्द बिष्ट लगायत ६ जनालाई मंगलबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी कालाकुण्डाबाट खटिएको प्रहरीले उक्त खैरो हेरोइन सहित फेला पारी उनीहरुलाई पक्राउ गरेको हो ।

### हात्तीको दाह्रासहित पक्राउ

बाँके । जंगली जनावर हात्तीको १ थान दाह्रा सहित बैजनाथ गाउँपालिका-४ तिलकपुर बस्ने ३९ वर्षीय पुरन चौधरीलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले अनुसन्धानको क्रममा उनको घर पछाडी बारीमा खाल्डो खनी लुकाई राखेको अवस्थामा उक्त दाह्रा फेला पारी उनलाई पक्राउ गरेको हो ।

### आगलागीबाट दुई लाखको क्षति

रुपन्देही । गैडहवा गाउँपालिका-८ मैनिया बस्ने शुशिला परियारको घरमा करेन्ट सर्ट भई मंगलबार राति आगलागी हुँदा घर पूर्णरूपमा जलेर करिब २ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिई यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### कौडा खेलिरहेका १४ जना पक्राउ

रौतहट । दुर्गाभगवती गाउँपालिका-३ बाग्मती खोलास्थित काँसघारीभित्र कौडा खेलिरहेको अवस्थामा १४ जनालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । बिशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रौतहट र ईलाका प्रहरी कार्यालय गंगापिपराबाट खटिएको प्रहरीले उनीहरुलाई नगद ५ लाख १६ हजार रुपैयाँ सहित पक्राउ गरेको हो ।

### लागूऔषधसहित पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१५ जमुनाहबाट करिब २ ग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने धुलो सहित सोही उपमहानगरपालिका-१ धम्बोझी बस्ने ३४ वर्षीय बिजय कुमार सुनारलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । भारतबाट नेपालतर्फ आउँदै गरेका उनलाई ईलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त धुलो सहित फेला पारी पक्राउ गरेको हो ।

### बलेरोको ठक्करबाट एकको मृत्यु

रूपन्देही । बुटवल उपमहानगरपालिका-१२ जितगणिस्थित सडकमा लु १.च ९०५० नम्बरको बलेरो गाडीले लु.४६ प ८१७६ नम्बरको मोटरसाइकललाई गएराति ठक्कर दिँदा मोटरसाइकल चालक गुल्मी रुरु गाउँपालिका-७ बम्घा बस्ने ५६ वर्षीय बाबुराम पन्थीको मृत्यु भएको छ । दुर्घटनमा परी गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल बुटबलमा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार रहेका चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### ट्रकको ठक्करबाट साइकलयात्रीको मृत्यु

रौतहट । वृन्दावन नगरपालिका-८ आकडपाथरस्थित सडकमा ना.६ ख ७२८२ नम्बरको ट्रकको ठक्करबाट साईकलयात्री सोही ठाउँ बस्ने १७ वर्षीय राधेश्याम पासवानको मंगलबार बिहान घटनास्थलमै मृत्यु भएको छ । दुर्घटना पश्चात स्थानीयको कुटपिटबाट घाईते भएका ट्रक चालक गुजरा नगरपालिका-९ बस्ने ४० वर्षीय राम बाबु चौधरीलाई उपचारको लागि गरुडास्थित हेल्थल्याण्ड अस्पताल पठाईएको छ ।

# थप पाँच हजार क्विन्टल धान खरीद गरिने

वीरगञ्ज । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय वीरगञ्जले चालु आर्थिक वर्षमा प्राप्त गरेको सोना मन्सुली धान खरिद कोटाको लक्ष्य पुग्न नसकेपछि थप ५ हजार क्विटल खरिद गर्ने भएको छ ।

शाखाले चालु आर्थिक वर्षका लागि ३० हजार क्विटल सोना मन्सुली धान खरिदको कोटा पाएकोमा हालसम्म रु ९ करोड २१ लाख १ हजार ६५ मूल्य बराबरको ३१ हजार २९६ क्विटल धान मात्र खरिद गर्न सकेकाले थप ५ हजार क्विटल धान खरिद गरी लक्ष्य भेट्ने सो कार्यालयका शाखा प्रमुख विकास कटुवालले जानकारी दिए । कम्पनीले जिरामसिनो धान ५ हजार क्विटल खरिद गर्ने लक्ष्य पाएकोमा हालसम्म रु ३ लाख ३८ हजार ४३० मूल्य बराबरको ११७ क्विटल मात्र धान खरिद गर्न सकेको छ । नेपालभन्दा भारतमा जिरामसिनो धान बढी उत्पादन भए पनि आयात हुन नसकेको तथा पर्साका किसानले थोरै मात्रामा जिरामसिनो धानको खेती गर्ने भएकाले खरीद लक्ष्य भेट्न नसकिएको हो । जिरामसिनो धानको सट्टा सोना मन्सुली धान खरिद गर्ने भनेर खरिद विभागबाट निर्देशन आएकाले थप ५ हजार क्विटल सोना मन्सुली धान खरिद गर्न लागिएको सो कार्यालयका सूचना अधिकारी मुनीलाल कुशवाहले बताए ।

सङ्घीय सरकारले यस वर्ष किसानबाट प्रति क्विटल ७ दशमलव ३५ प्रतिशत बढी मूल्यमा सोना मन्सुली धान तथा ६ दशमलव ५ प्रतिशत बढी मूल्यमा जिरामसिनो धान खरिद गर्न थालेका छन । सोना मन्सुली धान प्रति क्विटल रु २ हजार ८८५ तथा जिरामसिनो धान प्रति क्विटल २ हजार ९ सय मा खरिद गर्न थालेको छ । अघिल्लो वर्ष सो कार्यालयले २५ हजार क्विटल सोना मन्सुलीधान तथा ३२ क्विटल २५ किलो जिरामसिनो धान खरिद गरेको थियो ।

पर्सामा ८५ प्रतिशत किसान धान खेती गर्दै आइरहेका छन् । यस वर्ष पर्साका किसानले ४७ हजार ५० हेक्टर क्षेत्रफलमा धान खेती गरी २ लाख २८ हजार ५६० मेट्रिकटन धान उत्पादन गरेका छन् । अघिल्लो वर्षभन्दा यसवर्ष पर्साका किसानले रु ७ करोड ४४ लाख १७ हजार ६०० मूल्य बराबरको २ हजार ७५० मेट्रिकटन बढी धान फलाएको कृषि ज्ञान केन्द्र पर्साका बाली विकास अधिकृत सुरेशप्रसाद चौरसियाले जानकारी दिए । यसैगरी बारा जिल्लामा किसानले ५८ हजार २११ हेक्टर क्षेत्रफलमा धान खेती गरेकोमा २ लाख ५३ हजार ३८९ मेट्रिकटन धान उत्पादन गरेको छ । खास गरी पर्सा र बारा जिल्लाका किसानले आफूले उत्पादन गरेको धान वीरगञ्जस्थित कम्पनीलाई बेच्दै आए पनि यस वर्ष तोकिएको लक्ष्य भेट्न नसक्दा सो लक्ष्य पूरा गर्न जिरामसिनो धान खरिद बन्द गरी सोना मन्सुली धान खरिद गर्ने तर्फ कार्यालय केन्द्रित भएको छ । सोना मन्सुली धान नेपालमा सिफारिस नभएको र यो धान प्रतिबन्धित रहे पनि नेपाल सरकारले सोना मन्सुली धान खरिदलाई प्राथमिकता दिँदै आएको छ ।

# वीरगन्जमा भोजपुरी प्रतिष्ठान गठन

वीरगन्ज । भोजपुरी भाषाको संरक्षण, संवर्द्धन र विकासका लागि वीरगन्ज महानगरपालिकाले भोजपुरी प्रतिष्ठान गठन गरेको छ । महानगरले प्रष्ठिानको गठनसँगै वीरगन्जमै प्रतिष्ठानको भवन निर्माण पनि थालेको छ ।

वीरगन्ज महानगरपालिका वडा नम्बर ८ रेल्वे रोडस्थित रात्रि मावि नजिकै निर्माण गर्न लागिएको भोजपुरी प्रतिष्ठान भवनको प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत गद्धी र महानगर प्रमुख विजय सरावगीले संयुक्त रुपमा भवनको शिलान्याश गरे ।

अन्तर्राष्ट्रिय मातृभाषा दिवसको अवसर पारेर आइतबार प्रष्ठिानको भवन निर्माणको शिलान्याश गरिएको हो । महानगरपालिकाले उपलब्ध गराएको करिब डेढ कट्ठा जग्गामा प्रतिष्ठानको सुविधासम्पन्न भवन निर्माण थालिएको हो ।

यसका लागि महानगरपालिकाले ५० लाख रुपैयाँ विनियोजन गरिसकेको नगरप्रमुख सरावगीले जानकारी गराए ।

प्रतिष्ठानको भवन निर्माणका लागि अपुग आवश्यक रकम प्रदेश सरकारले दिने उनले बताए । छिट्टै महानगरको सरकारी कामकाजको भाषा पनि भोजपुरी भाषालाई नै बनाउने तयारी भइरहेको जानकारी पनि उनले दिए ।

प्रतिष्ठानका संरक्षकसमेत रहेका सरावगीका अनुसार, प्रतिष्ठानले भोजपुरी भाषाका भीष्मपितामह स्वर्गीय पण्डित दीप नारायण मिश्रको स्मृतिमा नगद १ लाख राशीको पण्डित दिपनारायण मिश्र अर्न्तराष्ट्रिय पुरस्कार हरेक २ वर्ष भित्रमा एक जनालाइ प्रदान गर्नेछ ।

यस्तै हरेक वर्ष नगद ५० हजार राशीको राष्ट्रिय भोजपुरी पुरस्कार र नगद ५१ हजार राशीको भोजपुरी लोकरंग पुरस्कार पनि एक एक जनालाई प्रदान गरिने सरावगीले जानकारी गराए ।

शिलान्याश समारोहमा बोल्दै मुख्यमन्त्री राउतले वीरगन्जमा निर्माण थालिएको भोजपुरी प्रतिष्ठानको भवन निर्माणमा लाग्ने सबै खर्च प्रदेश सरकारले उपलब्ध गराउने घोषणा गरे ।

उनले अहिलेसम्म सरकारी प्राथमिकतामा नपरेका कारण नै भोजपुरी भाषा ओझेलमा परेको बताए । भोजपुरी भाषीले हिनताबोध त्यागेर देशी एंव विदेशी मन्चमा आफनै मातृ भाषा भोजपुरीमा आफना धारणा र विचार राख्न सके यो भाषाको विकास र विस्तार कसैले पनि रोक्न नसक्ने उनको भनाइ थियो। भोजपुरी प्रतिष्ठानका अध्यक्ष उमाशंकर द्विवेदीले वीरगन्ज भोजपुरी भाषा, साहित्य र संस्कृतिको राजधानी भएको बताए ।

महानगरले गठन गरेको प्रतिष्ठानको अध्यक्षमा उमाशंकर द्विवेदी तथा सदस्यमा गणेश लाठ, अनिता साह, डाक्टर रक्षा झा, कामेश्वर चौरसीया, अजमद अली अन्सारी, रितु राज, रितेश त्रिपाठी, मौसमी कुशवाहा र अशोक कुशवाहा छन् ।

# यस्तो छ...

७५ को उपधारा (२) मा प्रयुक्त यो संविधान र कानून को अधीनमा रही भन्ने उल्लेखनले कार्यकारिणी अधिकारको प्रयोग यहि संविधान र कानूनको अधीनमा रहेर गर्नुपर्ने सम्बन्धमा विवाद हुन सक्दैन। प्रतिनिधि सभा विघटन सम्बन्धमा पनि संविधानले प्रदान गरेको अधिकार र निर्धारण गरेका सीमा बन्देजलाई अनिवार्य रूपमा पालना गरीनु पर्दछ। लिखित संविधानको लक्ष्य सीमित सरकार हुन्छ र हरेक अङ्गको अधिकारको सीमा रेखा संविधानले कोरेको हुन्छ। संविधानवाद सम्बन्धी अवधारणाले सरकारको शक्तिमा सीमितता, राज्यशक्तिको बिभिन्न अंगमा शक्ति र अधिकार समेतको पृथकीकरण र जनताप्रति उत्तरदायी सरकार सञ्चालन सम्बन्धि मान्यतालाई आत्मसात गरेको हुन्छ । राज्यको सबै अङ्गको अधिकारको सिमारेखा संविधानवाट नै निर्धारित गरी शक्ति सन्तुलनको पालनमा प्रभावकारी बनाउनु नै लिखित संविधानको गुण हो।

त्यस्तै धारा ५८ को अवशिष्ट अधिकार संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको बाँडफाँड सम्बन्धी प्रावधानसंग सम्बन्धित रहेको पाइन्छ। संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुने व्यवस्था हुँदा प्रतिनिधि सभा विघटन धारा ५८ को अवशिष्ट अधिकारको सन्दर्भमा प्रयोग हुने व्यवस्था होइन। धारा ३०६ को उपधारा (१) को खण्ड (ज) मा "राज्यशक्ती को परिभाषामा उल्लेख भएको अवशिष्ट अधिकारले धारा ५८ लाई समेत संकेत गरेको छ । संघ प्रदेश र स्थानिय तह बीचको अधिकारको विभाजनमा शुन्यताको अवस्था भएमा मात्र यो धारा ५८ क्रियाशील हुने देखिन्छ । उक्त धाराहरुमा प्रतिनिधि सभा विघटन गर्न प्रधानमन्त्रीको अधिकार श्रृजना गर्ने प्रावधान नदेखिएबाट उक्त धाराहरुको आवरणमा प्रतिनिधि सभा विघटनको सिफारिसलाई संवैधानिक रहेको भनी पटी गर्ने संविधानसम्मत आधार नदेखिएको र माथी विवेचना गरिएको कारण र आधारहरूबाट धारा ७६ को उपधारा (१) बमोजिम प्रतिनिधि सभामा बहुमतप्राप्त नेताको हैसियतमा रहनु भएका सम्माननीय प्रधानमन्त्रीलाई धारा ७६ को उपधारा (७) को पूर्वशर्तहरू आकर्षित हुने अवस्था नै नरहने हुँदा उक्त धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटनको सिफारिस गर्न पाउने संवैधानिक अधिकार रहेको पाइएन ।

(४) अव, प्रतिनिधि सभा विघटनको सिफारिस दुराशययुक्त छ वा छैन भन्ने चौथो प्रश्नका सम्बन्धमा विचार गर्दा जनताले चुनाव मार्फत प्रतिनिधि सभाको लागि दलहरु मार्फत वा स्वतन्त्र सांसद समेत दिईसकेको अवस्था रहेकोमा संसदले प्रधानमन्त्री समेत दिई मन्त्रिपरिषदको गठन भए पश्चात दलको आन्तरिक विवादको कारण सरकार संचालन असहज भएको एवं अपेक्षा अनुसार काम गर्न नसकेको भन्ने लिखित जवाफहरुबाट देखिन्छ । राजनीतिक दलको आन्तरिक विवाद प्रचलित ऐन र दलको विधान बमोजिम समाधान गर्नु सम्बन्धित दलका प्रत्येक सदस्यको कर्तव्यको बिषय भई संसदीय दलको नेता माथी बिश्वासको मत यथावत रहेको वा अविश्वास रहेको कारण संसदीय दलको नेता परिवर्तन हुने भन्ने सम्बन्धमा विधान बमोजिम प्राप्त उपचारको मार्ग अवलम्बन गरि निकास प्रदान गरिने नै हुँदा र संविधानले किटान गरेको पूर्वावस्थाको अभावमा प्रतिनिधि सभा विघटनको सिफारिस संविधान प्रतिकूल भएको माथि विवेचना भईसकेकोले यस पृष्टभूमीमा प्रतिनिधि सभा विघटन दुराशययुक्त हो वा होइन भन्ने तर्फ तत्काल प्रवेश गर्नु उपयुक्त देखिएन ।

(५) अव, रिट निवेदनको माग अनुसार आदेश जारी गर्नु पर्ने वा नपर्ने के हो भन्ने पाँचौ प्रश्नका सम्बन्धमा विचार गर्दा संघीय संसदको प्रतिनिधि सभाको विघटनको लागि नेपालको संविधानले निर्दिष्ट गरेका निश्चित पूर्वावस्थाहरुको अभावमा तथा संविधानको आधारभूत मर्म, मूल्य र मान्यता प्रतिकूल सम्माननीय प्रधानमन्त्रीले संविधानको धारा ७६ को उपधारा (१) र (७. धारा ८५ तथा संसदीय प्रणालीको आधारभूत मर्म एवं मुल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यास वमोजिम भनी संघिय संसदको वर्तमान प्रतिनिधि सभा विघटनका लागि सम्माननीय राष्ट्रपति समक्ष गर्नु भएको मिति २०७४।९।५ को सिफारिस तथा सो बमोजिम सम्माननीय राष्ट्रपतिबाट सोही मितिमा भएको प्रतिनिधि सभा विघटनको निर्णय, विज्ञप्ती समेतका तत्सम्बन्धी सम्पूर्ण कामकारवाहीहरु असंबैधानिक भएकोले प्रारम्म देखि नै कानूनी प्रभाव शून्य रहने गरी उत्प्रेपणको आदेशले बदर हुने ठहर्छ । उपर्युक्त वमोजिम जारी गरीएको आदेशको परिणामस्वरुप संघीय संसदको प्रतिनिधि सभा उक्त असंवैधानिक विघटन भन्दा पहिलेकै स्थितिमा पुनर्स्थापित भई यथास्थितिमै काम गर्न सक्षम र समर्थ रहेको छ । प्रतिनिधि सभाको छैठौं अधिवेशन मिति २०७७।३।१८ मा अन्त्य भएको र संविधानको धारा ९३ को उपधारा (१) बमोजिम अनिवार्य रुपमा छ । महिनाभित्र अर्को अधिवेशन आह्वान हुनुपर्नेमा उपर्युक्त बमोजिम प्रतिनिधि सभा असंवैधानिक विघटन भएको कारणबाट समयावधि व्यतित भएतापनि त्यस्तो विघटनको परिणामस्वरुप बैठक वस्ने मिति समेत स्वतः परिवर्तन भएको मानि यो आदेश जारी भएको मितिले १३ (तेह्र) दिन भित्र प्रतिनिधि सभाको अधिवेशन बोलाई बैठकको लागि आवस्यक व्यवस्था गर्नु गराउनु भनि प्रत्यर्थीहरु मध्यका श्री राष्ट्रपतिको कार्यालय, शीतलनिवास. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, सम्माननीय प्रधानमन्त्री के.पी. ओली, सम्माननीय सभामुख अगनिप्रसाद सापकोटा, प्रतिनिधि सभाका नाममा परमादेश समेत जारी गरिएको छ ।

यो आदेशको पालना तत्काल कार्यान्वयन गरिनुपर्ने प्रकृतिको रहेको र आदेशको पूर्णपाठ तैयार हुन समय लाग्ने भएकोले यो संक्षिप्त आदेश जारी गरिएको छ । आदेशको जानकारी सम्बन्धित पक्षहरुलाई तत्काल गराइदिनु ।

# पशुपतिनाथको क्षमापूजा गर्न भारतबाट २५ ब्राह्मण बोलाइए

काठमाडौं । पशुपतिनाथ मूल मन्दिरको ज्योतिर्लिङ्गमुनि सुनको जलहरी राख्नुअघि चाँदीको जलहरी मर्मतका लागि क्षमापूजा सुरू भएको छ । क्षमापूजा गर्न दक्षिण भारतबाट २५ ब्राह्मणलाई आमन्त्रण गरिएको छ । क्षमापूजामा ९६ नेपाली ब्राह्मण गरी शनिबारदेखि १२१ ब्राह्मणले शिव र शक्तिको आराधना सुरू गरेको पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा. प्रदीप ढकालले जानकारी दिए । आगामी बुधबारसम्म क्षमापूजा हुनेछ । रणबहादुर शाहको शासनकालमा राखिएको चाँदीको जलहरी जीर्ण भएर जल, पञ्चामृतलगायत पशुपतिनाथलाई चढाइएका सामग्री चुहिएर भित्रसम्म पुग्ने गरेको थियो । वर्षौंदेखि गर्न नसकिएको मर्मत गरी त्यसमाथि सुनको जलहरी राख्नुअघि क्षमापूजा सुरू भएको हो ।

वर्षौंदेखि राखिएको चाँदीको जलहरी हटाउने भनी भइरहेको प्रचारप्रसार गलत रहेको कोषले जनाएको छ । चाँदीको जलहरी मर्मत गरी त्यसमाथि सुनको राख्न लागिएको हो । सुनको जलहरी निर्माण पनि सुरू भइसकेको कोषले जनाएको छ । एक हप्तामा सुनको जलहरी राख्ने गरी काम भइरहेको छ । पशुपति क्षेत्रमै कालीगढ राखेर नेपाली सेनाको सुरक्षासहित सुनको काम भइरहेको छ । मूल मन्दिरको जलहरी सुनको बनाउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले रु ३० करोडको सुन नेपाल राष्ट्र बैंकमार्फत उपलब्ध गराएको छ । सुनको जलहरी बनाउन १०८ किलो सुन लाग्नेछ । गत माघ १२ पशुपतिनाथमा लाख बत्तीसहित विशेष पूजा गर्न पुगेका प्रधामन्त्री केपी शर्मा ओलीले सुनको जलहरी राख्न कोषलाई रु ३० करोड बजेट दिन संस्कृतिमन्त्री भानुभक्त ढकाललाई निर्देशन दिएका थिए । मूल मन्दिरको छाना र बसाहामा पनि सुनको लेप लगाउने गरी काम भइरहेको छ । यसका लागि करीब ३४ किलो सुन लाग्ने अनुमान गरिएको छ । रु ३० करोडबाहेकको रकम कोषले आन्तरिक स्रोतबाट व्यहोर्ने जनाइएको छ ।

# भारतमा मार्च १ देखि दोस्रो चरणको खोप अभियान सुरू हुने

नयाँ दिल्ली । भारतमा कोरोनाभाइरसविरुद्धको दोस्रो चरणको खोप अभियान आगामी मार्चदेखि सुरु हुने भएको छ । सरकारी अधिकारीहरुले दिएको जानकारीअनुसार मार्च १ देखि ६० वर्षभन्दा बढी उमेरका व्यक्तिहरुलाई खोप लगाइने भएको छ । त्यसैगरी दिर्घरोगी छन् भने ४५ वर्ष माथीकालाई पनि कोरोनाभाइरसविरुद्धको खोप दिइने अधिकारीहरुको भनाइ छ । केन्द्रीय मन्त्रिपरिषद्को बैठकपछि पत्रकारहरुसँगको कुराकानीका क्रममा केन्द्रीय मन्त्री प्रकाश जवादेकरले दोस्रो चरणको खोप अभियानका बारेमा बुधबार जानकारी दिएका हुन् ।

सरकारी स्वास्थ्य संस्थामा खोप लगाउनेलाई निःशुल्क खोप लगाउने व्यवस्था गरिए पनि निजी स्वास्थ्य संस्थामा खोप लगाउनेहरुले भने आफैँले रकम तिर्नु पर्ने व्यवस्था गरिएको उनले बताए ।

खोप लगाउनका लागि देशभरी सरकारी क्षेत्रबाट दश हजारभन्दा बढी खोप केन्द्रहरु तोकिएको र निजी क्षेत्रबाट २० हजारभन्दा बढी खोप केन्द्रहरु खोलिएका छन् । निजी क्षेत्रले लिने शुल्क पनि सरकारले तीन-चार दिनपछि तोकिदिने केन्द्रीय मन्त्री जवादेकरले जानकारी दिए । भारतमा पहिलो चरणमा एक करोड सात लाख ६७ हजारभन्दा बढीले कोरोनाभाइरसविरुद्धको खोप लगाएको तथ्याङ्क छ । कोरोनाभाइरसको महामारीबाट धेरै प्रभावित मुलुकहरुको अग्रपङ्क्तिमा पर्ने भारतले गत जनवरी १६ देखि पहिलो चरणको खोप अभियान सुरु गरेको हो ।

दोस्रो चरणमा लगाउनका लागि हामीसँग झण्डै १४ लाख खोप तयारी अवस्थामा रहेको छ, यो खोप अधिकांश वृद्धवृद्धालाई नै दिइने छ, मन्त्री जवाडेकरले भने । उनका अनुसार भारतमा पहिलो चरणमा स्वास्थ्यकर्मीसहित अग्रपङ्क्तिमा खटिएका व्यक्तिहरुलाई खोप लगाउने व्यवस्था गरिएको थियो ।

भारतमा प्राथमिकता क्रम निर्धारण गरेर खोप लगाउने गरिएको छ । भारत आफैँले उत्पादन गरेको खोप लगाउने अभियान चलिरहे पनि कोरोनाबाट मृत्यु हुनेक्रम रोकिएको छैन । भारतले आफूले उत्पादन गरेको खोप आफ्ना नागरिकसँगै विश्वका धेरै देशलाई पनि प्रदान गरेको छ । यसले अन्तर्राष्ट्रिय जगत्मा भारतको छवि थप राम्रो भएको छ ।

# ओलीमाथि भाजपा नेताको टिप्पणी

काठमाडौं । भारतीय जनता पार्टी (भाजपा) नेता सुब्रमण्यम स्वामीले प्रधानमन्त्री केपी शर्मा ओलीमाथि टिप्पणी गरेका छन् । एक ट्वीट गर्दै स्वामीले ओलीद्वारा गरिएको संसद् विघटन बदर 'घर न घाटको' भएको टिप्पणी गरेका हुन । चीनको प्रभावसँग लड्न भारतले नेपालको विकसित घटनाक्रमबाट सिक्नुपर्ने पनि उनले लेखेका छन् । 'ओली उनकै कदमका कारण अहिले 'न घर न घाट'को अवस्थामा पुगेको हुँदा यहि बेला चिनियाँ प्रभावलाई निस्तेज पार्न भारतले केहि सिक्नैपर्छ,' उनले भनेका छन्, 'चिनियाँहरुले भूमिका बढाउने नै छन् त्यसैले सन्तुलन कायम राख्न भारतले निकै चतुर (मूर्खतापूर्ण होइन) राजनीतिक चाल चाल्नुपर्छ ।'

नेपालमा चाँडै लोकतन्त्र फर्कने र संयुक्त सरकार गठन हुने आशा पनि उनले व्यक्त गरेका छन् । स्वामी सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) का नेता एवम् राज्य सभा सांसद हुन् । उनी त्यहाँका प्रधानमन्त्री नरेन्द्र मोदीसँग निकट मानिन्छन् ।

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

लालकिशोर साह
नगरप्रमुख
जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

हरिप्रसाद मण्डल
नगरप्रमुख
महिहानी नगरपालिका, महोत्तरी, प्रदेश २

## विश्व परिवेश

# भारतको सबैभन्दा ठूलो व्यापारिक साझेदार चीन

काठमाडौं । सम्बन्ध बिग्रँदै गए पनि भारतको प्रमुख व्यापारिक साझेदारका रुपमा चीनले आफूलाई पुनःस्थापित गराएको छ ।

गत वर्ष सिमानामा भएको ठूलो झडपपछि भारतले टिकटक र वीच्याटसहित २२० चिनियाँ प्राविधिक एपहरुमाथि प्रतिबन्ध लगाएको थियो । ती एपहरुले राष्ट्रिय सुरक्षालाई जोखिममा पार्ने बताउँदै एपहरु बन्द गरिएको हो भने चिनियाँ सामानहरु पनि बहिस्कार गर्ने भनिएको थियो । तर, यसका बाबजुद् यी दुई छिमेकीबीच सन् २०२० मा ७७.७ अर्ब डलर बराबरको कारोबार भएको हो ।

यो तथ्यांक अघिल्लो वर्षको भन्दा कम भए पनि चीनलाई भारतको सबैभन्दा ठूलो व्यापारिक पार्टनर बनाउन पर्याप्त रहेको दिल्लीको वाणिज्य मन्त्रालयले जनाएको छ । प्यान्डेमिकको अभवधिभरि विश्वव्यापी व्यापारको प्रवाह अस्थायी रूपमा रोकिएको थियो । पछि गएर मेडिकल उपकरण र आपूर्तिको माग भने बलियो हुँदै गएको हो ।

आत्मनिर्भर बन्ने र बेइजिङसँगको व्यापारिक कारोबार कम गराउने निरन्तर प्रयासपछि पनि भारत अझै भारी मेसिनरी, टेलिकमका उपकरण र घरेलु सामानहरुमा चीनमै पूर्ण निर्भर रहेको छ । भारतले चीनबाट ५८.७ अर्ब डलर बराबको सामान आयात गरेको उल्लेख छ, यो अमेरिका र यूएईलाई मिलाउँदाभन्दा धेरै हुन्छ । चीनपछि अमेरिका र यूएईसँग भारतले सबैभन्दा धेरै कारोबार गर्ने गरेको छ ।

नेसनल युनिभर्सिटी अफ सिंगापुरका अर्थशास्त्री अमितेन्दु पलितका अनुसार चिनियाँ आयातमै निर्भर भइरहनुपछाडिको कारण भनेको स्थानीय रूपमा ती सामानहरुको उपलब्धतामा अभाव हुनु हो । चीनबाट आयात गर्न एकदमै सस्तो पर्छ र पर्याप्त मात्रामा र छिटो उपलब्ध गराउन सकिन्छ । तर, अन्य स्रोतहरुबाट अयात गर्दा चीनको तुलनामा महँगो हुने अनि धेरै समय लाग्ने गरेको उनले बताए ।

गत जुन महिनामा भारत र चीनबीच भएको ठूलो झडपमा कम्तीमा पनि २० भारतीय सेना मारिएको जनाइएको थियो । त्यस्तै, अघिल्लो हप्ता मात्र चीनले पनि आफ्नो तर्फका चार सेनाको उक्त झडपमा मृत्यु भएको जानकारी दिएको थियो । सो घटना ४५ वर्षकै सबैभन्दा हिंसात्मक झडप भएको पनि बताइएको छ । हाल दुवै पक्षले वार्ता गरी विवादित क्षेत्रबाट आफ्ना सेना हटाइरहेका छन् ।

# 'प्रमुख खोप उत्पादक' को रूपमा मान्यता

नयाँ दिल्ली । भारतसँग द्विपक्षीय व्यापार र लगानी सम्बन्धी पहिलो उच्चस्तरीय वार्तामा युरोपियन युनियनले नयाँ दिल्लीको रणनीतिक भूमिकालाई प्रमुख खोप उत्पादक को रूपमा मान्यता दिएको छ । खोप सम्बन्धी विषयहरूमा छलफल गर्न खुला छनोट गरिएको भारतीय मिडियाले स्रोतलाई उद्धृत गर्दै जनाएका छन् ।

भारत र ईयूले विश्वव्यापी, न्यायसङ्गत, किफायती र सुरक्षित खोप सुनिश्चित गर्नु प्राथमिकता रहेको बताएका छन् । २३ लाखभन्दा बढी मानिसहरूको ज्यान लिएको कोरोना महामारीको बिचमा विश्वको सबैभन्दा ठूलो खोप उत्पादक, भारतले पछिल्ला केही हप्ताहरूमा नेपाल, भुटान, बङ्गलादेशलगायत धेरै देशहरूमा कोभिड१९ विरुद्धको खोप प्रधान गरेको छ ।

भारतले गत शुक्रवार भर्चुअल मोडमार्फत पहिलो भारत-ईयू उच्चस्तरीय वार्ता (एचएलडी) को आयोजना गरेको थियो । भारतीय वाणिज्य र उद्योग मन्त्री पीयूष गोयल र युरोपियन आयोगका कार्यकारी उपाध्यक्ष तथा व्यापार आयुक्त, वाल्डीस डोम्ब्रोभ्सिसको अध्यक्षतामा एचएलडीको बैठक भएको थियो ।

द्विपक्षीय व्यापार र लगानी सम्बन्धका लागि मन्त्री-स्तरको मार्गदर्शन प्रदान गर्न जुलाई १, २०२० मा १५ औं भारत-ईयू नेताहरूको भर्चुअल शिखर सम्मेलनको क्रममा गरिएको प्रतिबद्धताको अंशको रूपमा यो वार्ता भएको हो ।

"दुवै पक्ष सहमत सार्वभौमिक, न्यायसङ्गत, किफायती र सुरक्षित खोप सुनिश्चित गर्नु सबैको लागी प्राथमिकता रहेको स्विकार्दै ईयुले मुख्य खोप उत्पादकको रूपमा भारतको रणनीतिक भूमिकालाई मान्यता दिएको एवं अवरोधहरू बुझ्नका लागि खोप सम्बन्धी विषयमा छलफल गर्न खुलापन प्रकट गरेको छ,' सरकारी स्रोतले भनेको छ ।

भारतीय वाणिज्य र उद्योग मन्त्रालयले जारी गरेको विज्ञप्ति अनुसार मन्त्रीहरूले वार्ताका क्रममा कोभिड-१९ पछिको युगमा विश्वव्यापी सहयोग र ऐक्यबद्धताको महत्वमा जोड दिए र एक शृङ्खलाका माध्यमबाट द्विपक्षीय व्यापार र लगानी सम्बन्धलाई अझ प्रगाढ बनाउनका लागि सहमति जनाएका छन् । नियमित संलग्नताहरू, यी कठिन समयमा व्यवसायका लागि द्रुत उद्धारको लक्ष्य राखेर काम हुने विज्ञप्तिमा उल्लेख छ ।

द्विपक्षीय नियामक वार्ता र भारत-युरोपियन युनियन बहुपक्षीय वार्तासहित द्विपक्षीय व्यापार र लगानी सहयोगका मुद्दाहरूमा सहमति जुटाउने उद्देश्यका साथ सहयोगका थप सम्भावनाहरू पत्ता लगाउने सहमति समेत भएको जनाइएको छ ।

अगाडि बढेको महत्वपूर्ण चरणमा अन्तर्राष्ट्रिय सम्झौतासहित द्विपक्षीय व्यापार र लगानी सम्झौताको पुनः आरम्भका लागि नियमित अन्तरक्रियाबारे छलफल गरिएको जनाइएको छ ।

## चीनले मुस्लिम अल्पसंख्यकमाथिको दमन नरोकेको अमेरिकी दाबी

वासिङ्टन डिसी । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिकङनले सिन्जियाङमा मुस्लिम अल्पसङ्ख्यक उइगरमाथि चिनियाँ सरकारले दमन नरोकिएको बताएका छन् । सिन्जियाङमा मुस्लिम अल्पसङ्ख्यक उइगर समुदायमाथि चीन सरकारले दमन र जातीय सफाइको अपराध नरोकेको विदेशमन्त्री ब्लिंङकनको भनाई छ ।

दश लाख भन्दा बढी उइगर समुदायलाई श्रम शिविरमा बन्दी बनाएर चीनले मानवता विरोधी क्रियाकलाप गरिरहेको उनले टिप्पणी गरे । अमेरिका र चीनको सम्बन्ध प्रतिस्पर्धात्मक र सहकार्य दुवै किसिमको रहेको र दुई देशबिचको सम्बन्धले विश्वमा नै महत्वपूर्ण प्रभाव पार्ने उनले बताए । दुई देशबिच विभिन्न पक्षमा मतभिन्नता भए पनि अमेरिकाले जलवायु परिवर्तनको विषयमा चीनसँग सहकार्य गर्न चाहेको ब्लिङकनले बताए ।

यसअघि अमेरिकी विदेश मन्त्रालयले चीनमा अल्पसङ्ख्यक उइगर जातिमाथिको सरकारी दमनबारे अमेरिकाले समीक्षा गर्ने बताएको थियो । अन्तर्राष्ट्रिय मानवअधिकार बादी सङ्गठनहरू र अमेरिकाले सिन्जियानमा सरकारले मुस्लिम अल्पसङ्ख्यक उइगर विरुद्ध जातीय सफाइ गरिरहेको टिप्पणी गर्दै आएका छन् ।

## बेलायतका यहुदी समुदायले गरे चीन सरकारको विरोध

लन्डन । बेलायतको यहुदी समुदायले चीनमा अल्पसङ्ख्यकमाथि भइरहेको सरकारी दमनको निन्दा गरेका छन् । अन्तर्राष्ट्रिय होलोकाष्ट स्मरण दिवसमा बेलायतस्थित यहुदी समुदायका अभियन्ताहरूले चीनमा उइगरसहित अन्य अल्पसङ्ख्यकमाथि सरकारी दमनको आलोचना गरेका हुन् । सिन्जियाङमा उइगर जाति सहित विभिन्न अल्पसङ्ख्यकमाथि चीनको दमनले अर्को ऐतिहासिक अमानवीय घटना निम्त्याउन सक्ने उनीहरूले चेतावनी दिएका छन् । लाखौं यहुदीहरूको नरसंहार भएको दोस्रो विश्वयुद्ध पछि अर्को नरसंहार हुन सक्ने उनीहरूको भनाई छ ।

उइगरहरुको संस्कृति र अस्तित्व पूर्ण रूपमा मेटाउन चीन सरकार लागिरहेको यहुदी मानवअधिकार संस्था रेने कसिनका कार्यकारी निर्देशक मिया हासेनसन ग्रसले टिप्पणी गरेका छन् । मुस्लिम अल्पसङ्ख्यक उइगर जातीलाई श्रमशिविरमा बन्दी बनाई श्रमशोषण गर्ने, हरेक गतिविधिमाथि कडा निगरानी राख्ने र मानसिक शारीरिक यातना दिँदै दमन गरेको अन्तर्राष्ट्रिय मानवअधिकार बादी निकायहरूले चीन सरकारको आलोचना गर्दै आएका छन् ।

## भारतको खोप उत्पादन क्षमताको राष्ट्रसंघीय महासचिवले गरे प्रशंसा

न्यूयोर्क । संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटर्सले भारतको कोभिड-१९ खोप उत्पादन क्षमताको प्रशंसा गर्दै विश्वका लागि महत्वपूर्ण सम्पति भएको बताएका छन् । कोभिड-१९ को खोप उत्पादनहरुको बारेमा पत्रकार सम्मेलनमा बोल्दै राष्ट्रसंघीय महासचिव गुटर्सले भारतको खोप उत्पादन क्षमता महत्वपूर्ण सम्पति र प्रशंसनीय उपलब्धी भएको बताएका हुन् । भारतले ठूलो मात्रामा खोप उत्पादन गर्नु विश्वका लागि नै महत्वपूर्ण सम्पति भएको गुटर्सले बताए ।

कोभिड-१९ बिरुद्धको लडाई सफल बनाउने लक्ष्यमा विश्व एक रहेको बेला भारतसँग खोप उत्पादनका लागि महत्वपूर्ण सामाग्रीहरु छन् भन्नेबारे संयुक्त राष्ट्रसंघ आशावादी रहेको गुटर्सको भनाई छ । विश्वका सबै देशहरुमा खोप उपलब्ध गराउने लक्ष्यमा आफुहरुले काम गरिरहेको महासचिव गुटर्सले बताए । खोप उत्पादन गर्न चाहने विश्वका विभिन्न कम्पनीलाई लाइसेन्स उपलब्ध हुनुपर्नेमा उनको जोड थियो ।

## भारत र बंगलादेश ५० औं कूटनीतिक वर्षगाँठ मनाउँदै

नयाँ दिल्ली । भारतले बङ्गलादेशसँगको द्विपक्षीय सम्बन्ध २०२१ मा ऐतिहासिक मोडमा पुगेकोमा सन्तोष जनाउँदै सम्बन्ध थप प्रगाढ बनाउन जोड दिएको छ । पूर्वी र पश्चिम पाकिस्तानबिच १९७१ को लिब्रेसन वार पछि भारतले बङ्गलादेशलाई पहिलो पटक नयाँ देशको रूपमा मान्यता दिएको थियो । त्यससँगै कूटनीतिक सम्बन्ध स्थापना गरेका यी दुई देशले ५० औं वर्षगाँठ मनाइरहेका छन् ।

सन् १९७१ को युद्धले बङ्गलादेशलाई छुट्टै मुलुकको रूपमा परिचित गराएको थियो। भारतीय विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले भर्चुअल ब्रिफिङमा बोल्दै भने, "भारत र बङ्गलादेशले यस वर्ष ५० औं कूटनीतिक सम्बन्धको वर्षगाँठ मनाइरहेको छ । बङ्गलादेशको त्रिपक्षीय सेवा टोली भारत भ्रमण गर्दैछ। गणतन्त्र दिवसको परेडमा भाग लिन बङ्गलादेश सरकारलाई आमन्त्रित गरेका थियौं ।'

सुनिश्चित महिला तथा बाल अधिकार, सुसम्पन्न नेपालको पूर्वाधार ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

## चिनियाँ राष्ट्रपतिले भारत भ्रमण गर्ने

काठमाडौं । दुई देशको बीचमा तनाव साम्य भए लगत्तै चिनियाँ राष्ट्रपति सी चिनफिङले भारत भ्रमण गर्ने भएका छन् । ब्राजिल, रसिया, भारत, चीन र दक्षिण अफ्रिका सम्मिलित ब्रिक्स सम्मेलनमा भाग लिन सी भारत आउने छन् ।

यो वर्ष सम्मेलन गर्ने पालो भारतको हो र यसमा चीनले सहमति जनाइसकेको छ । चिनियाँ विदेश मन्त्रालयले सो सम्मेलन आयोजना गर्न भारतलाई सहयोग गर्ने र जारी सीमा विवादले असर नगर्ने उल्लेख गरेको छ । यस अगाडि सन् २०१६ मा भारतले ब्रिक्स सम्मेलन आयोजना गरेको थियो ।

## सबैभन्दा ठूलो क्रिकेट स्टेडियमको उद्घाटन

अहमदावाद । विश्वकै सबैभन्दा ठूलो क्रिकेट स्टेडियम भारतको अहमदाबादमा रहेको मोटेरा स्टेडियमको उद्घाटन गरिएको छ ।

भारतका राष्ट्रपति रामनाथ कोविन्दले नयाँ क्रिकेटको उद्घाटन गरे । स्टेडियमको नाम नरेन्द्र मोदी राखिएको छ । यसअघि उक्त क्रिकेट स्टेडियमको नाम सरदार पटेल स्टेडियम रहेको थियो ।

१ लाख ३२ हजार दर्शकको क्षमता भएको उक्त स्टेडियममा संसारकै सबैभन्दा ठूलो क्रिकेट ग्राउण्ड रहेको छ ।

## जिल्ला समाचार

### ठाकुररामका विद्यार्थी आन्दोलित

वीरगञ्ज । वीरगञ्जको ठाकुरराम बहुमुखी क्याम्पसमा बीबीए संकायमा अध्ययनरत विद्यार्थीले प्रदर्शन गरेका छन् । एक वर्षभित्र भवन निर्माण गर्ने भनेर क्याम्पस प्रशासनले आश्वासन दिएकोमा २ वर्ष बितिसक्दा समेत भवन नबनाएको भन्दै विद्यार्थीले विरोध जनाएका हुन् । विरोधमा उत्रिएका विद्यार्थीले 'हामी बाचा हैन, परिणाम चाहान्छौं', 'बीबीए भवन खोई ?', बीबीए प्रशासनले हाम्रो भविष्य खायो लगायतका नारा लेखिएको प्लेकार्ड बोकेका थिए । तराईमा स्थापित पहिलो क्याम्पस ठाकुरराम बहुमुखी क्याम्पस विसं. २००९ सालमा स्थापना भएको हो । तराईकै शैक्षिक धरोहरको रुपमा रहेको ठाकुररामले दुई वर्षअघि बीबीएको कक्षा सुरु गरेको थियो । तर बीबीएको छुट्टै भवन नहुँदा विद्यार्थी समस्यामा छन् । उनीहरु आधुनिक तथा सुविधा सम्पन्न कक्षाकोठामा पढ्न चाहान्छन् । तर क्याम्पसले त्यो वातावरण निर्माण गर्न सकेको छैन । चौथो सेमेस्टरमा ६४ र दोस्रो सेमेस्टरमा ६६ जना गरी १ सय ३० जना विद्यार्थी बीबीए अध्ययनरत छन् । प्रत्येकले भर्नाको समयमा ४८ हजार र प्रत्यके सेमेस्टरमा ३८ हजारका दरले रकम समेत बुझाएका छन् । विभिन्न समयमा लिने गरिएको परीक्षाको शुल्क छुट्टै लाग्छ । तर उनीहरुलाई बीबीएस, बीए अध्ययन गर्ने विद्यार्थीहरुलाई भन्दा बढी सुविधा छैन । अझ क्याम्पसको लाइब्रेरीमा बीबीएको योगदान नरहेको भन्दै किताब दिने त परको कुरा रिडिङ रुममा समेत बस्न नदिने गरेको विद्यार्थीको दुखेसो छ । क्याम्पस प्रशासनको उदासिनताका कारण किताब हुनुपर्ने हातमा विरोधका नारा बोक्नुपर्ने अवस्था बनेको बीबीए चौथो सेमेस्टरमा अध्ययनरत सचिन पटेलले बताए । क्याम्पस प्रशासनले माग सुनुवाइ नगरेकोले त्रिभुवन विश्व विद्यालयलाई माग तथा समस्याहरु समावेश गरी ज्ञापन पत्र पठाउने योजना आफूहरुले बनाएको उनले सुनाए । क्याम्पस प्रशासनले भने आफूहरुले चाहेर मात्रै नहुने अवस्थामा रहेको जनाएको छ । निमित्त क्याम्पस प्रमुख सुरेश कुशवाहाले भने ठेक्का दिएको ८ वर्ष भइसक्दा समेत भवन नबनेकोले समस्या भएको बताए ।

### लागूऔषधसहित युवक पक्राउ

मोरङ । विराटनगर महानगरपालिका-१६ दुर्गा मन्दिर नजिकबाट करिब ३ ग्राम ९ सय ४० मिलिग्राम अवैध लागूऔषध खैरो हेरोइन सहित उदयपुर कटारी नगरपालिका-७ तकिया बस्ने २१ वर्षीय रुपेश फुयाललाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । को.२ ह ३७२९ नम्बरको टेम्पोलाई लागूऔषध नियन्त्रण व्यूरो विराटनगरबाट खटिएको प्रहरीले जाँच गर्दा टेम्पोभित्र लुकाई ल्याएको उक्त खैरो हेरोइन सहित फेला पारी टेम्पो चालक रुपेशलाई पक्राउ गरेको हो ।

### भरूवा बन्दुक बरामद

कपिलवस्तु । शिवराज नगरपालिका-९ रमुवादहस्थित शिवशक्ति सामुदायिक वनमा बेवारिसे अवस्थामा रहेको १ थान भरुवा बन्दुक सोमबार दिउँसो प्रहरीले बरामद गरेको छ । उक्त वनमा भरुवा बन्दुक फेला परेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सुन्दरीडाँडाबाट खटिएको प्रहरीले उक्त बन्दुक बरामद गरेको हो ।

### दश लाख भारतीय रूपैयाँसहित पक्राउ

बाँके । बाँके जिल्लाको नेपालगंज उपमहानगरपालिका १५ जमुनाहस्थित सीमा ईलाकाबाट एपीएफ टोलीले श्रोत नखुलेको १० लाख भारतीय रुपैयाँसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत घर बताउने ५४ बर्षिय मुनवर खान छन् । उनलाई सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट जमुनाहबाट खटिएको एपीएफ टोलीले उल्लेखित भारतीय रुपैयाँसहित पक्राउ गरेको हो । एपीएफ टोलीले निज खानलाई शंका लागि जाँच गर्दा उनको साथमा उक्त रुपैयाँ फेला परेको र निज खानले उल्लेखित रुपैयाँको श्रोत खुलाउन नसकेपछि पक्राउ गरिएको हो । पक्राउ परेका निज खानलाई बरामद रुपैयाँसहित आवश्यक कारवाहीको लागि राजश्व कार्यालय कोहलपुरमा बुझाइएको छ ।

### लागूऔषध कारोबारी तीन जना पक्राउ

मोरङ । कटहरी गाउँपालिका-४ चमराही चोकबाट ८ ग्राम अवैध लागूऔषध खैरो हेरोइन र १ थान डिजिटल काँटा सहित सोही गाउँपालिका-४ बस्ने ३७ वर्षीय मनराज शेख समेत ३ जनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । लागूऔषध कारोबार भइरहेको भन्ने सूचनाको आधारमा लागूऔषध नियन्त्रण व्यूरो विराटनगरबाट खटिएको प्रहरीले उक्त खैरो हेरोईन सहित फेला पारी उनीहरुलाई पक्राउ गरेको हो ।

### करेन्ट लागेर मृत्यु

रुपन्देही । ओमसतिया गाउँपालिका-३ करवानीस्थित हरि बहादुर थापाको माछा पोखरीमा काम गर्ने सियारी गाउँपालिका-१ घर भएका २७ वर्षीय कमल पुरीको करेन्ट लागेर आइतबार दिउँसो मृत्यु भएको छ । सोही स्थानमा पानी तान्ने मोटरबाट करेन्ट लाग्दा गम्भीर घाइते भएका उनको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो ।

### मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

कपिलवस्तु । कपिलवस्तु नगरपालिका-८ मैनिहबास्थित सडकमा लु.६५ प ५४९१ नम्बरको मोटरसाइकल अनियन्त्रित भई शनिबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकल चालक सोही नगरपालिका-८ दोहोनी बस्ने ३२ वर्षीय अब्दुल रहेमानको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको हो ।

### मोटरसाइकल बयलगाडामा ठोक्किँदा एकको मृत्यु

कैलाली । कैलारी गाउँपालिका-३ भ्ररीस्थित सडकमा अन टेष्ट लेखिएको मोटरसाइकल बयलगाडामा शनिबार बेलुकी ठोक्किँदा मोटरसाइकल चालक धनगढी उपमहानगरपालिका-१९ पचिसघर बस्ने ४२ वर्षीय खगेन्द्र चौधरीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो । बयलगाडा चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### आगलागीबाट पाँच लाखको क्षति

मोरङ । बिराटनगर महानगरपालिका-१३ कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको भवनमा करेन्ट सर्ट भई शुक्रबार दिउँसो आगलागी हुँदा कार्यालय प्रमुखको कार्य कक्षभित्र रहेको फर्निचर र कागजपत्र जलेर करिब ५ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । स्थानिय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### वीरगञ्जका तीन पसलेलाई कारवाही

पर्सा । वीरगञ्जमा मुल्य सूचि नराख्ने र बढी मुल्यमा सामान बेच्ने ३ पसलेलाई २ लाख ७० हजार जरिवाना गरिएको छ । बजार अनुगमनको क्रममा वीरगञ्जका ३ वटा पसलेलाई कारवाही स्वरु जरिवाना गरिएको हो । जिल्ला प्रसाशन कार्यलय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यलय,उपभोत्ता हित संरक्षण मञ्च, कन्जुमर आई नेपाल, उधोग वाणिज्य संघको संयुक्त टोलीले वीरगञ्ज महानगरपालिकाको बजार अनुगमन गरेको थियो । अनुगमनको क्रममा मुल्य सूचि नराख्ने वीरगञ्ज १० मा रहेको आई नेट प्रालिलाई ५० हजारको खरिद बिल नदेखाउने आदित्य ईन्फोटेकलाई २० हजार र बढी मुल्यमा सामान बिक्री गर्ने वीरगञ्ज ९ मा रहेको गगन ट्रेडिङ्ग हाउसलाई २ लाख जरिवाना गरिएको वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्जका सूचना अधिकारी दिलिप खँग खत्वेले जानकारी दिए । जरिवाना गरिएको रकम ७ दिनभित्र राष्ट्रिय बाणिज्य बैंकमा जम्मा गर्न पनि समबन्धित पसलेलाई निर्देशन दिइएको खत्वेले बताए ।

### सिरहामा पाँच हजारले लगाए खोप

सिरहा । सिरहामा ५ हजार ३५३ जनाले कोरोना भाइरस बिरुद्धको खोप लगाएका छन् । दुई चरणमा सञ्चालन भएका खोप कार्यक्रम अन्तर्गत जिल्लामा पहिलो चरणमा ३ हजार ४२६ र दोस्रो चरणमा एक हजार ९२७ जनाले खोप लगाएका जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । सरकारले तोकेको मापदण्डभित्र परेकाले जिल्ला अस्पताल , रामकुमार उमाप्रसाद स्मारक अस्पताल र मिर्चैया प्राथमिक स्वास्थ्य केन्द्रबाट खोप लगाइएको कर्यालयका प्रमुख कृष्णदेब यादवले जानकारी दिए । खोप लगाउनेमा स्वास्थ्यकर्मी, सुरक्षा निकाय, निजामति कर्मचारी, जनप्रतिनिधि र सञ्चारकर्मी रहेका छन् ।

# सीमानाका अविलम्ब सुचारु गर्न अध्यक्ष यादवको माग



जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले भारतसँगको सीमा नाका अविलम्ब सुचारु गर्न मांग गरेका छन् । महोत्तरीको मटिहानी नगरपालिकाद्वारा मटिहानी बजारमा निर्मित कलात्मक घण्टाघरको समुघाटन गर्दै अध्यक्ष यादवले भारतसँगको सीमानाका सुचारु गर्न आफूहरु प्रधामन्त्रीलाई पटक पटक अनुरोध गरे पनि अटेरी गर्दै आएको आरोप लगाएका छन् । कोरोनालाई सीमा नाकामा लगाइएको ढाठले रोक्न नसक्ने उल्लेख गर्दै अध्यक्ष यादवले सीमानाकाबाट मधेशको जीवन नै जुडेको हुनाले यस संवेदनशीलतालाई प्रधानमन्त्रीले बुझ्दै सीमा नाका खोल्नु पर्ने उनले बताए ।

विश्वका कतिपय देशहरु सीमाविहिन भएको उल्लेख गर्दै अध्यक्ष यादवले २१औं शताब्दीको युगमा सीमा नाका बन्द गर्नु आफैमा हास्यास्पद रहेको उल्लेख गरे।

मटिहानी नपाका प्रमुख हरि प्रसाद मण्डलको अध्यक्षतामा भएको उक्त कार्यक्रममा अध्यक्ष यादव र मुख्यमन्त्री लालबाबु राउतले संयुक्त रुपमा घण्टाघरको समुदघाटन गरेका थिए ।

## पूर्वराजा र पूर्व रानी २० फागुनमा भारत जाने

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाह भारत भ्रमणमा जाने मिति तय भएको छ । उनी परिवार र आफन्तका साथ भारत जाने तय भएको हो । पूर्वराजा ज्ञानेन्द्र शाह २० फागुनमा भारत जानेछन् । उनी झापाको काकडभिट्टा हुँदै उक्त दिन सिलगुढी प्रवेश गर्नेछन् । त्यहाँबाट दार्जिलिङ पुग्नेछन् ।

पूर्वराजाको साथमा पूर्वरानी कोमल पनि हुनेछिन् । पूर्वराजाकी छोरी प्रेरणा पनि साथमा हुनेछिन् । पूर्वराजा ज्ञानेन्द्रका भाई धीरेन्द्रका छोरीहरु पुजा, दिलासा र शिताष्मा पनि साथमा हुनेछन् । उनकी बहिनी शोभा शाही पनि भ्रमण दलमा छिन् । यसबाहेक पूर्वराजाका आफन्तहरु पनि दार्जिलिङमा साथै पुग्नेछन् ।

स्थलमार्गबाट भारत प्रवेश गर्ने उनी सिलगुढी हुँदै दार्जिलिङ, खर्साङ कालिम्पोङलगायतका क्षेत्रमा केही दिन रहनेछन् । त्यहाँ उनले महत्वपूर्ण भेटघाट पनि गर्ने बुझिएको छ ।

पूर्वराजा शाह पूर्वरानी कोमल कोमलको जन्मदिन मनाउन झापा पुगेका थिए । उनी १६ फागुनमा स्वर्गीय राजा महेन्द्र शाहको श्राद्ध परेकाले केही दिन काठमाडौं बस्नेछन् ।

## नेपाल र भारतका आइसिटी कम्पनीहरूबीच सम्झौता

काठमाडौं । नेपाल-भारत चेम्बर अफ कमर्स एण्ड इन्डष्ट्रीको पहलमा नेपाल र भारतका आइसिटी कम्पनीहरुबीच सहकार्य गर्ने सम्झौता भएको छ ।

काठमाडौंमा बुधबार आयोजित एक कार्यक्रमबीच आइसिटी डोमेनमा प्रशिक्षण र विकासका लागि नेपाल र भारतका चार कम्पनीहरुबीच सम्झौता भएको हो ।

नेपालका आइडिया कन्सल्टिङ् प्रालि, काठमाडौं इन्स्टिच्युट अफ टेक्नोलोजिज प्रालि, टिम भर्टेक्स बिजनेस सर्भिस नेपाल र भारतको भर्टेक्स ग्लोबल सर्भिसबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

हस्ताक्षर कार्यक्रममा नेपाल भारत चेम्बर अफ कमर्स एण्ड इन्डष्ट्रीका अध्यक्ष सृजना राणाले भारत र नेपालको आइसिटी कम्पनीहरुलाई कसरी सँगसँगै अगाडि बढाउन सकिन्छ र भारतको प्रविधि नेपालमा ल्याई आइसिटी क्षेत्रको विकास गर्ने उद्देश्यले सम्झौता गरिएको बताइन् ।

कार्यक्रममा विभिन्न शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरूलाई आइसिटी उद्योगहरूमा कसरी आबद्ध गराउन सकिन्छ भन्ने सम्बन्धमा समेत छलफल भएको पनि अध्यक्ष राणाले बताइन् ।

# भारतको सहयोगमा दक्षिणकालीमा विद्यालयको पुनर्निर्माण सुरु



काठमाडौं । काठमाडौंको दक्षिणकालीमा चम्पादेवी माध्यमिक विद्यालयको पुनर्निर्माण सुरु भएको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली, भारतीय राजदूतावासको प्रेस, सूचना तथा संस्कृत विभागका प्रमुख नवीन कुमार तथा दक्षिणकाली नगरपालिकाका मेयरले काठमाडौंको दक्षिणकाली नगरपालिकास्थित चम्पादेवी माध्यमिक विद्यालयको पुनर्निर्माण कार्यका लागि संयुक्त रुपमा भूमि पूजन कार्यक्रमको शुभारम्भ गरेका छन् । उक्त कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि एवम् स्थानीय समुदाय सदस्यहरुको उपस्थिति थियो । भारत सरकारको आर्थिक सहयोगमा पुनर्निर्माण हुने यो ६६ औं विद्यालय भएको दूतावासले जनाएको छ । नेपालका ८ जिल्लामा कूल ७१ शैक्षिक संस्थाहरुको पुनर्निर्माण गर्न भारत सरकारले ५० मिलियन अमेरिकी डलर आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

## भारतबाट खरिद थरिएको १० लाख डोज 'कोभिसिल्ड' खोप आयो

काठमाडौं । नेपाल सरकारले भारतबाट खरिद गरेको कोभिड-१९ विरुद्धको १० लाख डोज 'कोभिशिल्ड' खोप आइपुगेको छ । आइतबार एयर इन्डिया दिल्लीको विमानबाट सेरम इन्स्टिच्युट अफ इन्डियाबाट उत्पादित १० लाख डोज खोप काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइपुगेको हो । सरकारले फागुन ५ गते सेरम इन्स्टिच्युटसँग २० लाख डोज खोप खरिद गर्ने सम्झौता गरेको थियो । त्यही सम्झौताअनुरुप पहिलो खेपको खोप आएको हो । खोपको दोस्रो खेप पनि फागुन २३ गते अगावै आउने स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

फागुन २३ गतेदेखि सञ्चालन हुने नयाँ खोप अभियानका लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमार्फत जिल्लास्थित स्वास्थ्य कार्यालयहरुबाट देशैभरका खोप केन्द्रहरुमा वितरण गरिने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। दोस्रो चरणमा ५५ वर्ष माथिका नागरिक र जोखिम समूहलाई प्राथमिकता दिइनेछ। माघ ८ गते १० लाख डोज कोभिसिल्ड खोप अनुदानमा दिएको थियो। जस अनुसार पहिलो चरणको खोप अभियान सञ्चालन सञ्चालन गरेको थियो ।

## आर्थिक समाचार

### प्रदेश शाखाका लागि राष्ट्रिय सहकारीलाई अनुमति

काठमाडौं । राष्ट्रिय सहकारी बैंक लिमिटेडले ७ वटै प्रदेशमा प्रदेश शाखा कार्यालय सञ्चालनका लागि स्वीकृति प्राप्त गरेको छ । नेपाल राष्ट्र बैंकले बुधवार सात प्रदेशका लागि प्रदेश शाखा कार्यालय सञ्चालनका लागि स्वीकृति दिएको बैंकले जनाएको छ । प्रदेश नं. १ को बिराटनगर, प्रदेश नं. २ को जनकपुर, बागमती प्रदेशको हेटौडा, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको बुटवल, कर्णाली प्रदेशको सुर्खेत र सुदुरपश्चिम प्रदेशको धनगढीमा प्रदेश कार्यालयका लागि राष्ट्र बैंकले स्वीकृति प्रदान गरेको हो । प्रदेश अन्तरगतका सबै शाखा कार्यालयहरुलाई उक्त प्रदेशको शाखा कार्यालय अन्तरगत राख्ने तथा प्रदेश कार्यालयले मातहतका शाखा कार्यालयहरुसंग समन्वयात्मक तथा प्रशासनिक कार्यहरु गर्नका लागि प्रदेश शाखा कार्यालयको स्वीकृति दिइएको छ ।

देशमा संघीय संरचना शुरु भएपछि नै सहकारी बैंकले प्रदेश कार्यालय सञ्चालनको तयारी गरेको थियो । बैंकको साधारणसभाको प्रदेश शाखा कार्यालय स्थापना गर्ने निर्णय अनुसार नेपाल राष्ट्र बैंकमा माग गरिएको र स्वीकृति प्राप्त भएको सहकारी बैंकका अध्यक्ष के.बी.उप्रेतीले जानकारी दिनुभयो । प्रदेश अन्तरगतका शाखाहरुको संयोजनकारी भूमिका निर्वाह गर्ने गरी छिटै प्रदेश शाखा कार्यालयहरु सञ्चालन गरिने बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गरागाईले जानकारी दिनुभयो । प्रदेश शाखाले सम्बन्धित प्रदेशमा बैंकले सञ्चालन गर्ने शिक्षा, तालिम लगायत प्रशासनिक कामको संयोजक गर्नेछ ।

### प्रभु बैंक जुम्ला शाखा कार्यालय सञ्चालन

काठमाडौं । प्रभु बैंक लिमिटेडले आफ्नो शाखा सञ्जाल विस्तार गर्ने क्रममा जुम्ला जिल्लाको चन्दननाथ नगरपालिका वडा नं. ०६ मा आफ्नो २१३औं शाखा खोली सञ्चालनमा ल्याएको छ । बैंकको जुम्लामा शाखा कार्यालयको उद्घाटन गर्दै प्रमुख अतिथि चन्दननाथ नगरपालिका मेयर कान्तीका सेजुवालले प्रभु बैंकले आफ्नो बैंकको व्यावसायिक सञ्जाल विस्तार गर्दै बैंकिङ्ग पहुँच नपुगेको ठाउँहरुमा आफ्नो शाखा कार्यालय सञ्चालनमा ल्याएर सर्वसाधारणको घर आँगनसम्म सरल र सहजरुपमा बैंकिङ्ग सेवा विस्तार गरी प्रशंसनीय कार्य गरेको तथा प्रभु बैंकको यो अभियानले देशभरि नै बैंकिङ्ग पहुँचमा वृद्धि भएको मात्र नभई समग्र देशको आर्थिक विकासमा सकारात्मक टेवा पुगेको बताउँदै बैंकलाई सफलताको शुभकामना व्यक्त गरेका छन् । बैंकको जुम्ला शाखा कार्यालयबाट प्रभु बैंकको गुणस्तरीय एवं अत्याधुनिक प्रविधियुक्त बैंकिङ्ग सेवा प्रवाह हुने भएकोले यहाँका स्थानीय बासिन्दा, सर्वसाधारणहरु, व्यवसायिक फर्म, कम्पनी तथा संघ संस्थाहरुले प्रभु बैंकको गुणस्तरीय सेवा उपभोग गरी लाभान्वित हुने र स्थानीय सर्वसाधारणमा बैंकिङ्ग बानीको विकासमा अभिवृद्धि भई स्थानीयस्तरको सम्पुर्ण आर्थिक कारोबार बैंकिङ्ग प्रणालीमा प्रवेश गर्नुका साथै यस क्षेत्रको समग्र आर्थिक उन्नतीमा जुम्ला शाखा कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने बैंकले विश्वास लिएको छ ।

## दिल्लीबाट बाबुरामको सन्देश

काठमाडौं । बिरामी भई भारतको नयाँ दिल्लीमा उपचाररत जनता समाजवादी पार्टी (जसपा) नेपालका संघीय परिषदका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईले देशकै चिन्ता गरेका छन् । उपचाररत रहिरहँदा पनि उनले देशको चिन्ता गर्दै ट्वीटरमार्फत सर्वोच्च अदालतपछि राजनीति पुनः दल-नेताको कोर्टमा पुगेको उल्लेख गर्दै कुर्सीको खेल शुरु भएकोमा चिन्ता व्यक्त गरेका हुन् । उनले घरज्वाइलाई खानको धन्दा भनेझैं उही पुरानै कुर्सीको खेल शुरु हुने खतरा छ भन्दै चिन्ता गरेका छन् । यो खेलका क्रममा टाउको गन्ती, ज्योतिषको जोखाना, किनबेचको श्रृंखला चल्न सक्ने भन्दै सचेत गराएका छन् । उनले 'देशको आवश्यकता र जनताको चाहना दल-नेताले पाठ सिकुन' भन्ने रहेको सम्झाएका छन् । अन्त्यमा उनले आफ्नो ट्वीटरमा जनताले नेताहरुले नयाँ राष्ट्रिय सहमति गरुन् भन्ने भएको बताउँदै भनेका छन्, 'चेतना भया' ।

## पाकिस्तानले आतंकवादलाई समर्थन गरेको छ

काठमाडौं । भारतले एक पटक फेरि छिमेकी पाकिस्तानमाथि निशाना साँधेको छ । उसले पाकिस्तानको नामै नलिइ 'एक छिमेकी देशले आतंकवादलाई समर्थन गरेको छ' भनेको छ । भारतले संयुक्त राष्ट्र सुरक्षा परिषद (यूएनएससी) मा पाकिस्तानमाथि निशाना साँधेको हो । भारतीय प्रतिनिधि नागराज नायडूले पाकिस्तानको नामै नलिइ पाकिस्तानले भारतमा मात्र नभई विश्वभरमा आतंकवादीलाई मद्धत गरेको आरोप लगाएका हुन् । उनले पाकिस्तान सरकारकै आतंकवादलाई समर्थन रहेको समेत बताएका थिए । सुरक्षा परिषदको बैठकमा नागराजले भने, 'भारत कयौं दशकदेखि प्रोक्सी वार र क्रस बोर्डर टेरोरिज्मको सामना गरिरहेको छ। त्यहाँको सरकार आतंकवादलाई खुलेआम समर्थन गर्छ।' आतंकवादीलाई तालिम, कोष सहयोग र खुफिया जानकारी तथा हतियार दिइने भन्दै नायडूले यसो गर्दा भारतमा हिंसा फैलाउन यसले सहयोग गरेको बताए ।

## दिवंगत अभिनेता सुशान्तलाई सम्मान गर्दै भारत सरकार

मुम्बई । दिवंगत अभिनेता सुशान्तसिंह राजपूतलाई भारत सरकारले सम्मान गर्ने भएको छन् । उनको निधन भएको करिब नौ महिनापछि भारत सरकारले उनको नाममा एउटा अवार्डको नाम राख्ने सोच बनाएको हो । बीजेपीसँग जोडिएका एक व्यक्तिलाई उद्धृत गर्दै नवभारत टाइम्सले लेखेको छ, "सुशान्तसिंह राजपुतको नाममा एउटा राष्ट्रिय फिल्म अवार्डको नाम राख्ने कुरा भइरहेको छ । प्रपोजलअगाडि बढाइएको छ । तर ब्युरोक्रेसी र राजनीतिमा केही समय लाग्छ भन्ने कुरा त हामीलाई थाहा नै छ । तर यो हुन जरुरी नै छ ।" अभिनेता राजपुतको निधनपछि धेरै कुरामा चर्चा चल्यो । यसअघि पनि 'न्यायः द जस्टिस' नामक बायोपिकको पनि घोषणा गरिए पनि यसबारे थप कुनै जानकारी आएको छैन ।

# प्रदेश २...

### आफै जुटे उद्धारमा

मंगलबार कडा सुरक्षा स्कटिङसहित प्रदेश २ प्रमुख राजेश झा बाराको जितपुर जाँदै थिए । भीआईपी सवार गाडीको चाल तीव्र हुन्छ । र, गन्तव्यबाहेक बीचबाटोमा हतपत रोकिँदैन । सुरक्षाथ्रेटकै कारण उनीहरुको सुरक्षाको जिम्मा लिएको अधिकृतको आदेश बेगर रोक्नै दिदैन् । तर, मंगलबार बिहान पूर्व-पश्चिम राजमार्गको चन्द्रनिगाहपुर-लमाह खण्डको दृश्य फरक देखियो ।

नेपाली सेनाको स्कटिङसहित जितपुर जाँदै गर्दा रौतहटको लमाह जंगलमा केही समयअघि मात्र सवारी दुर्घटनामा घाइते सडकमा छटपटिरहेका थिए । प्रदेश प्रमुख झाले देखेपछि तत्कालै सुरक्षाकर्मीलाई गाडी रोक्न लगाए । र गाडीबाट निस्किए । जंगलमा भीआईपीलाई सुरक्षाको दृष्टिकोणले राम्रो हुँदैनथ्यो । तर उनले त्यसको प्रवाह गरेनन् । दुईवटा मोटरसाइकल एकआपसमा जुधेर दुर्घटना भएको थियो । ४ जना घाइते उपचार अभावमा छटपटिरहेका थिए । उनी घाइते भएको तिर दौडिए । हस्याङफस्याङ गर्दै उद्धारमा खटिए । उनका अंगरक्षकहरुले साथ दिए । घाइतेलाई उठाएर गाडीमा राख्न प्रमुख झा अग्रसर भए । 'नागरिकको जीवन रक्षाभन्दा ठूलो मेरो कुनै जिम्मेवारी छैन', उनले भने,'मेरो लागि नागरिकको ज्यान ठूलो हो । कार्यक्रम हाइन । मैले सडकमा उपचारका लागि छटपटिएकाहरुलाई बचाउन पाए त्यही नै ठूलो कुरा हो ।'

चन्द्रनिगाहपुर -लमाहाको बीचमा पर्ने लच्का नजिकै ना ५६ प ७३६५ र बिआर ३०जे ९३९७ नम्वरको दुई वटा मोटरसाइकल आपसमा ठोक्किएर दुर्घटना हुँदा मकवानपुर झझली गाउँपालिका २ का सुरज पहरी, पर्सा गढी नगरपालिका ३ का जीतबहादुर पहरी, सर्लाही मंलगवा नगरपालिका ८ का विकास यादव र उनका श्रीमती चित्ररेखा यादव घाइते भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ । घाइते चारैजनाको खुट्टामा चोट लागेको छ ।

घाइतेलाई प्रमुख झाले गाडीमा आफ्नो सुरक्षाकर्मी साथै पठाएर चन्द्रपुर अस्पतालमा उपचार गराएका थिए । घाइतेलाई उपचारका लागि पठाएपछि मात्र उनी घटनास्थलबाट हिँडेका थिए ।

### को हुन् डा.अहिराज ?

दुई दशकभन्दा बढी समयदेखि नेपाली पत्रकारितामा सक्रिय डा.राजेश अहिराज एउटा प्रखर वक्ता, मधेश मामिलाका जानकार तथा राजनीतिक विश्लेषक रुपमा परिचित हुनुहुन्छ । उहाँले 'मधेश आन्दोलन र मधेशवादको विकासक्रम' विषयमा त्रिभुवन विश्वविद्यालयबाट राजनीति शास्त्रमा विद्यावारिधि गर्नुभएको छ । नेपाली राजनीतिबारे सूक्ष्म अध्ययन गर्नुभएका डा.अहिराजले गर्दै आउनुभएको विश्लेषणात्मक विचार राष्ट्र र राष्ट्रियताप्रति ओतप्रोत भएको देखिन्छ ।

उहाँले विभिन्न पुरस्कार, सम्मानपत्र तथा नेपाल विद्याभूषण 'क' बाट विभूषित भइसक्नुभएको छ । नेपाली राष्ट्रियता तथा राष्ट्रवादको वकालत गर्दै उहाँले नेपालमा समतामूलक समाज निर्माणको पक्षमा छलफल तथा बहस गर्दै आउनुभएको छ ।

डा.अहिराजको जन्म रौतहट जिल्लाको तत्कालीन संग्रामपुर गाउँपालिका वडा नं. ४ (हाल गढीमाई नगरपालिका-४) मा वि.सं. २०३६ जेष्ठ ६ गते भएको थियो । उहाँको पिता स्व.नरेन्द्र झा र माता मालतीदेवी झा हुनुहुन्छ ।

**अध्ययन:**

डा.अहिराजले माध्यमिक तहको शिक्षा श्रीमती कृष्णादेवी माध्यमिक विद्यालय विष्णुपुर, रौतहटबाट सन् १९९५ मा पूरा गर्नुभएको छ । यसैगरी बिहार इन्टरमिडिएट एजुकेशन काउन्सिल भारतको एसएलके कलेज सितामढीबाट सन् १९९७ मा एससी उत्तीर्ण गर्नुभएको छ । यस्तै, त्रिचन्द्र कलेज काठमाडौंबाट सन् २००५ मा बी.ए. (सोसियोलोजी एजण्ड कल्चर), युनिभर्सिटी क्याम्पस काठमाडौंबाट सन् २००६ मा बी.एड ( पोलिटिकल साइन्स एण्ड हिस्ट्री), नेपाल ल क्याम्पसबाट सन् २००९ मा एल.एल.बी. पूरा गर्नुभएको छ । त्यसैगरी, 'मधेश आन्दोलन र मधेशवादको विकासक्रम' विषयमा त्रिभुवन विश्वविद्यालयबाट सन् २०१५ मा विद्यावारिधि गर्नुभएको छ ।

**पुरस्कार तथा सम्मान:**

उहाँलाई नेपाल सरकारद्वारा संविधान दिवसको अवसरमा वि.सं. २०७७ असोज ३ गते 'प्रवल जनसेवाश्री' सम्मानित गरेको छ । यस्तै, प्रधानसेनापतिबाट 'प्रधानसेनापति पदक-२०७६' पुरस्कार, राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा 'राष्ट्रिय पत्रकारिता पुरस्कार-२०७४' पुरस्कार, नेपाल विद्याभूषण-२०७४, प्रेस काउन्सिल पुरस्कार-२०७३ लगायत एक दर्जनभन्दा बढी पुरस्कार तथा सम्मानपत्र प्राप्त गर्नुभएको छ ।

यसैगरी पत्रकारिता क्षेत्रमा उहाँले एक दर्जनभन्दा बढी विषयगत विभिन्न तालिमहरु प्राप्त गर्नुभएको छ भने विभिन्न विषयहरुमा प्रशिक्षकको रुपमा समेत भूमिका निर्वाह गरिसक्नुभएको छ ।

**प्रतिबद्धता पत्र:**

**'शीरमा देश र मनमा मधेश'** राखेर आजबाट जन्मभूमिमा प्रदेश नं. २ को प्रदेश प्रमुखको रूपमा कार्य थालनी गर्दैछु । देश, जनता र संविधानलाई पहिलो र महत्वपूर्ण आधार बनाएर प्रदेश नं. २ भित्रका प्रत्येक नागरिकलाई साझा, शान्त, समृद्ध र समभावसहितको समाज निर्माणमा भूमिका निर्वाह गर्नेछु ।

जात, जन्म, स्थान वा घनत्वको आधारमा दम्भ वा भय निर्माण भइरहँदा समाज अशान्त र नागरिक असुरक्षित हुनसक्छ । प्रत्येक नागरिकलाई साझा र अपनत्वसहितको प्रदेश निर्माणमा मेरो भूमिका कायम रहनेछ ।

प्रदेश नं. २ भित्र रहेका विविधता, संस्कृतिको रक्षा, पहिचानको सम्मान, सद्भाव, विश्वास, देशप्रेम, भाइचारा र नागरिकमैत्री सरकार निर्माण गर्दै जानुपर्छ । देशहित र अब्बल प्रदेश निर्माण गर्न सुशासन, साझापना, सवलीकरण र सहकार्यको विकल्प नरहेकोले कतिपय पक्षमा तत्काल सुधारको खाँचो रहेको छ ।

देशभक्ति, आतिथ्य सत्कार र समृद्ध सांस्कृतिक इतिहास बोकेको प्रदेश नं. २ मा काम गर्ने सौभाग्य पाएको छु । विविधतालाई अवसरको रूपमा लिने, अनुशासन, इमान्दारिता र माटोप्रति प्रेम कायम राख्दै प्रदेश नं. २ लाई सकारात्मक रूपमा उदाहरणीय बनाउने कार्यमा बल पुऱ्याउने छु । आन्तरिक विभेद, असुरक्षा, कुनैपनि खाले दम्भ, अहंकार, दमन र अपराधलाई हामी सबै मिलेर समाधान गर्दै जानुपर्छ ।

युवामुक्त समाज, बालीमुक्त कृषि, भययुक्त भविष्य, सम्मानमुक्त जीवनले दीर्घकालीन पीडा दिन्छ । समभावमा आधारित समाज, देशप्रेमसहितको सोच, सवल नागरिक र गौरवान्वित भविष्यसहितको प्रदेश निर्माणमा मेरो भूमिका रहनेछ ।

सामाजिक विभेद अन्त्य गरी राष्ट्रिय एकतामा निरन्तर बल पुऱ्याउन सक्नुपर्छ । प्रदेशभित्र प्रत्येक नागरिकले पूर्ण सुरक्षाको अनुभूति गर्न पाउनुपर्छ । प्रत्येकको भूमि, भावना र भविष्यको सुनिश्चितता प्रदान गर्न हामी सबैले बल पुऱ्याउनुपर्छ ।

प्रदेश नं. २ मा सुशासन, सद्भाव, समभाव र समृद्धि कायम गर्न/गराउन मेरो पूर्ण सहकार्य रहनेछ ।





मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं